# नेपाली कांग्रेसको नियमावली, २०६८





**नेपाली कांग्रेस**

**केन्द्रीय कार्यालय**

**प्रकाशक**
नेपाली कांग्रेस
केन्द्रीय कार्यालय, काठमाडौं
नेपाल
टेलिफोन : ५५५५२६३, ५५५५२६४
फ्याक्स : ५५५५१८८
E-mail: ncparty@wlink.com.np
URL: www.nepalicongress.org

## नेपाली कांग्रेसको नियमावली २०६८

(नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको २०६८ श्रावण २० गते बसेको बैठकद्वारा नेपाली कांग्रेसको विधान, २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४ र २०६६ मा संशोधन र परिमार्जन गरी मिलाइएको रुपमाको धारा ४७ अनुसार पारित)

**प्रथम संस्करण :** २०६८ मंसिर
**सर्वाधिकार :** नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा सुरक्षित
**मुद्रण :** भवानी प्रिन्टर्स, चावहिल, काठमाडौं ।

# विषय सूची

प्रस्तावना .../१

परिच्छेद १ : संक्षिप्त नाम र प्रारम्भ/परिभाषा.../१

परिच्छेद २ : सदस्यता सम्बन्धी व्यवस्था.../२

परिच्छेद ३ : पदाधिकारीको नियुक्ति तथा विभाग सम्बन्धी व्यवस्था.../११

परिच्छेद ४ : केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था.../३४

परिच्छेद ५ : काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था.../३६

परिच्छेद ६ : भातृ संस्था तथा शुभेच्छुक संस्थासम्बन्धी व्यवस्था.../४२

परिच्छेद ७ : केन्द्रीय निर्वाचन सम्बन्धी व्यवस्था.../४४

परिच्छेद ८ : आचार संहिता.../४५

परिच्छेद ९ : अनुसासन सम्बन्धी व्यवस्था.../४९

परिच्छेद १० : कार्यालय सम्बन्धी व्यवस्था.../५४

परिच्छेद ११ : विविध.../५६

अनुसूची १ : साधारण सदस्यता प्राप्तिका लागि निवेदन पत्र र साधारण सदस्यताको प्रमाण पत्र.../६०

अनुसूची २ : साधारण सदस्यको, नामावली दर्ता किताब.../६१

अनुसूची ३ : कृयाशिल सदस्यता प्राप्तिका लागि आवेदन पत्र.../६२

अनुसूची ३ क : कृयाशिल सदस्यता नविकरणका लागि आवेदन पत्र.../६७

अनुसूची ४ : क्रियाशिल सदस्यताको प्रमाण पत्र.../६९

अनुसूची ५ : क्रियाशिल सदस्यको नामावली दर्ता किताब.../७१

अनुसूची ६ : ठाउँ सारी निवेदन.../७२

अनुसूची ७ : ठाउँ सरेको जनाऊ.../७३

अनुसूची ८ : विभिन्न निकायको छापको नमूना.../७४

अनुसूची ९ : विधान संशोधन गर्ने प्रस्ताव प्रस्तुत गर्ने ढाँचा.../

**नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकबाट**
**श्रावण २०, २०६८ मा पारित**

# नेपाली कांग्रेसको नियमावली, २०६८

**प्रस्तावनाः** नेपाली कांग्रेस पार्टी तथा पार्टीका सदस्यहरुलाई अनुशासित, व्यवस्थित र नियमित रुपमा संचालन गरी पार्टीको संगठनमा गतिशीलता ल्याउन नेपाली कांग्रेस पार्टीको विधानमा समय-समयमा संशोधन भई आएकाले पार्टीको विधान संशोधनद्वारा थप भएका विषयहरुका सम्बन्धमा समेत पार्टीको नियमावलीमा समावेश गर्न वाञ्छनीय भएकाले नेपाली कांग्रेस पार्टीको विधानको धारा ४७ ले दिएको अधिकार प्रयोग गरी नेपाली कांग्रेस पार्टीको केन्द्रीय कार्यसमितिले **नेपाली कांग्रेसको नियमावली, २०६८** बनाई जारी गरेको छ ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम **"नेपाली कांग्रेसको नियमावली, २०६८"** रहनेछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

(क) "विधान" भन्नाले नेपाली कांग्रेसको विधान, २०१७ (संशोधित र परिमार्जित सहित) लाई बुझाउनेछ ।

(ख) "प्रमाणपत्र" भन्नाले नियम ३(३) र नियम ५(४) अनुसार प्रदान गरिने प्रमाणपत्रलाई जनाउनेछ । सो शब्दले भ्रातृसंस्थालाई पार्टीद्वारा दिइने मान्यतापत्र समेतलाई बुझाउनेछ ।

(ग) "अधिकारी" भन्नाले पार्टीद्वारा निश्चित कार्यको जिम्मा दिइएको पदाधिकारी वा निकाय वा व्यक्तिलाई बुझाउनेछ।

(घ) "परिपत्र" भन्नाले केन्द्रका तर्फबाट जारी गरिएको लिखित निर्देशनलाई बुझाउनेछ ।

(ङ) "समावेशी" भन्नाले सबै जात, जाति, वर्ण, लिङ्ग, क्षेत्रको प्रतिनिधित्वलाई जनाउनेछ ।

(च) “आदिवासी जनजाति” भन्नाले प्रचलित नेपाल कानुन बमोजिम निर्धारण गरिएका जातजातिहरुलाई जनाउने छ।

(छ) “अल्पसंख्यक” भन्नाले मुलुकमा १ लाख भन्दा कम जनसंख्या रहेका जातजातिहरुलाई जनाउनेछ।

## परिच्छेद-२
## सदस्यता सम्बन्धी व्यवस्था

३. **साधारण सदस्यता लिने तथा नवीकरण गर्ने प्रक्रियाः** (१) विधानको धारा ४ को उपधारा (१) अनुसारको योग्यता र आधार पुगेका कुनै पनि नेपाली नागरिकले पार्टीको गाउँ, नगर वा नगर वडा कार्यसमितिमा रु. १०/- (दश) तिरी साधारण सदस्यता लिन मञ्जूर गरी निवेदन गरेमा त्यस्ता व्यक्तिलाई सम्बन्धित गाउँ, नगर वा नगर वडा कार्यसमितिले साधारण सदस्यता दिन सक्नेछ।

(२) पार्टीको विधान र अनुशासन मानी पार्टीको उद्देश्य र आदर्शमा आस्था राखी राजनैतिक र सामाजिक क्षेत्रमा काम गरेका तर क्रियाशील सदस्य हुन पाउने योग्यता पुगिनसकेका साधारण सदस्यले प्रत्येक अवधिका लागि रु. १०/- (दश) शुल्क बुझाई साधारण सदस्यता नवीकरण गर्नुपर्नेछ र गाउँ, नगर वा नगर वडा कार्यसमितिले सदस्यता नवीकरण गरिदिनुपर्नेछ।

(३) उपनियम (१) अनुसार साधारण सदस्यता लिने र उपनियम (२) अनुसार साधारण सदस्यता नवीकरण गर्ने व्यक्तिलाई **अनुसूची-१** को ढाँचामा प्रमाणपत्र दिइनेछ।

(४) साधारण सदस्यता प्रदान गरेको वा नवीकरण गरेको निस्सा स्वरुप दिइने **अनुसूची-१** अनुसारको प्रमाणपत्रमा सम्बन्धित गाउँ, नगर वा नगर वडा कार्यसमितिले तोकेको अधिकारीको हस्ताक्षर हुनेछ।

(५) उपनियम (४) मा जेसुकै व्यहोरा लेखिएको भएतापनि यो नियमावली लागू भएपछि गाउँ, नगर वा नगर वडा कार्यसमिति नरहेको अवस्था भएमा क्षेत्रीय कार्यसमिति र क्षेत्रीय कार्यसमिति पनि नभएको अवस्थामा जिल्ला कार्यसमिति तथा त्यस्ता समितिहरु पनि

नभएको अवस्थामा केन्द्रीय कार्यसमितिले तोके बमोजिम गर्नुपर्नेछ ।

(६) निर्वाचन सम्बन्धी अपराधमा प्रचलित कानून बमोजिम कैदको सजायँ पाई वा नैतिक पतन देखिने फौजदारी मुद्दामा कैदको सजायँ हुने अपराध गरे बापत दोषी ठहरिई दुई वर्ष वा सोभन्दा बढी कैदको सजायँ पाई सो सजायँ भोगी सकेको मितिले २ वर्ष भुक्तान नभएको व्यक्तिलाई साधारण सदस्यता दिइने छैन ।

(७) साधारण सदस्यताको प्रमाणपत्र हराएमा वा नष्ट भएमा रु. १०/- (दश) शुल्क लिई "प्रतिलिपि" भन्ने शब्द लेखी गाउँ, नगर वा नगर वडा कार्यसमितिले पुनः प्रतिलिपि रसीद दिनेछ । यसरी प्रतिलिपि दिइएको व्यहोरा सम्बन्धित दर्ता किताबमा जनाई राख्नुपर्नेछ ।

४. **साधारण सदस्यको दर्ता किताबः** (१) साधारण सदस्यको दर्ता किताब गाउँ, नगर वा नगर वडा कार्यसमितिमा राखिनेछ ।

(२) साधारण सदस्यको दर्ता किताबमा सदस्यता प्रमाणपत्रमा उल्लेख भएको व्यक्तिगत विवरण **अनुसूची-२** मा दिइएको ढाँचामा राखिनेछ ।

(३) गाउँ, नगर वा नगर वडा कार्यसमितिले आफ्ना क्षेत्रका साधारण सदस्यको अद्यावधिक नामावली क्षेत्रीय कार्यसमितिमा पठाउनुपर्नेछ ।

(४) निर्वाचन क्षेत्र भित्रको साधारण सदस्यको नामावलीको एकीकृत अभिलेख क्षेत्रीय कार्यसमितिमा राखी त्यसको प्रतिलिपि जिल्ला कार्यसमितिमा पठाउनुपर्नेछ ।

(५) जिल्लाभित्रका साधारण सदस्यको एकीकृत नामावलीको अभिलेख जिल्ला कार्यसमितिमा राखिने छ ।

५. **क्रियाशील सदस्यता दिने तथा नवीकरण गर्ने र दर्ता किताबः** (१) क्रियाशील सदस्य हुन विधानको धारा ४ को उपधारा (२) र (६) अनुसार योग्यता पुगेका साधारण सदस्यले सम्बन्धित गाउँ कार्यसमिति वा नगर कार्यसमिति (नगर एकै संसदीय निर्वाचन क्षेत्रमा परेकोमा) वा नगर वडा कार्यसमिति (नगरका वडाहरु छुट्टाछुट्टै संसदीय निर्वाचन क्षेत्रहरुमा परेकामा) मार्फत क्षेत्रीय कार्यसमितिमा क्रियाशील सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले शुल्क

रु. २००।- सहित निवेदन दिनुपर्नेछ। क्रियाशील सदस्यता प्राप्तिका लागि **अनुसूची-३** मा उल्लेखित ढाँचाको २ प्रति फारम भरी पेश गर्नुपर्नेछ।

(२) क्षेत्रीय कार्यसमितिबाट रीतपूर्वक सिफारिस भई आएका क्रियाशील सदस्यको आवेदनपत्रमा जिल्ला कार्यसमितिले अनुमोदन गरि त्यस्ता आवेदनपत्रलाई आवश्यक कारवाहीका लागि केन्द्रमा पठाउनुपर्नेछ।

(३) केन्द्रबाट उपनियम (१) अनुसारको आवेदनपत्र स्वीकृत भएपछि एक प्रति केन्द्रमा र १ (एक) प्रति जिल्ला कार्यसमितिमा अभिलेख राख्नका लागि पठाइनेछ । उक्त अभिलेख जिल्लाले सम्बन्धित क्षेत्रीय कार्यसमितिमा पठाउनु पर्ने छ।

(४) क्रियाशील सदस्यता प्राप्त गर्ने सदस्यलाई **अनुसूची-४** बमोजिम क्रियाशील सदस्यको प्रमाणपत्र दिइनेछ।

(५) क्रियाशील सदस्यताको प्रमाणपत्र हराएको वा नष्ट भएको कारण देखाई निवेदन गर्न आएमा रु. १००/- (एक सय) शुल्क लिई केन्द्रले प्रमाणपत्रमा "प्रतिलिपि" भन्ने शब्द लेखी प्रमाणपत्र उपलब्ध गराउनेछ।

(६) क्रियाशील सदस्यता नवीकरणका लागि **अनुसूची-३ (क)** बमोजिम आएका आवेदनपत्रहरुमा गाउँ, नगर वा नगर वडा कार्यसमितिले प्रस्ताव गरी क्षेत्रीय कार्यसमितिको सिफारिसमा जिल्ला कार्यसमितिले बिधानको व्यवस्थाको अधिनमा रही नवीकरण गर्नुपर्नेछ।

(७) विदेशस्थित नेपाली जनसम्पर्क समितिले विधानको धारा ४ उपधारा (५) बमोजिम क्रियाशील सदस्यताको लागि केन्द्रमा पठाउनुपर्नेछ।

(८) विदेशस्थित नेपाली जनसम्पर्क समिति मार्फत क्रियाशील सदस्यता लिने व्यक्तिले विधानको धारा ४ उपधारा (५) मा तोकिए बमोजिमको शुल्क बुझाउनुपर्नेछ।

(९) विदेशी जनसम्पर्क समितिले सक्रिय सदस्यता नवीकरण गर्दा दुई वर्षमा धारा ४ उपधारा (५) मा तोकिएको रकमको आधा रकम बुझाई सक्रिय सदस्यता नवीकरण गर्नुपर्नेछ।

(१०) कुनै क्रियाशील सदस्यले केन्द्रले तोकिएको अवधिमा नवीकरणकालागि आवेदनपत्र बुझाउन आफ्नो काबु

बाहिरको परिस्थिति परी नसकेकाले आवेदनपत्र भर्न पाउँ भनी तोकिएको म्याद पछि उपनियम (७) बमोजिम माग गरेमा २५ (पच्चिस) प्रतिशत थप दस्तुर लिई नवीकरण गर्नेछ। उक्त नविकरण गाउँ, नगर वडा कार्य समितिले प्रस्ताव गरि क्षेत्रीय कार्यसमितिको शिफारिसमा जिल्ला कार्यसमितिले विधानको व्यवस्थाको अधिनमा रही जिल्ला सभापतिले नविकरण गर्नु पर्नेछ।

(११) निलम्बनमा परेको कुनै क्रियाशील सदस्यले सोही कारणबाट क्रियाशील सदस्यता नवीकरण गर्न नपाएकोमा निलम्बनको अवधि समाप्त भएपछि वा निश्चित अवधिका लागि गरिएको निलम्बन त्यस्तो अवधि पूरा हुन पूर्व नै फुकुवा भएको भए प्रमाण सहित सदस्यता नवीकरणका लागि आवेदनपत्र दिएमा यसै नियमावलीमा भएको व्यवस्था बमोजिम त्यस्ता क्रियाशील सदस्यको सदस्यता नवीकरण गरिनेछ।

(१२) क्रियाशील सदस्यहरुको **अनुसूची-५** बमोजिमको दर्ता किताब क्षेत्रीय तथा जिल्ला कार्यसमिति र केन्द्रीय कार्यालय समेतमा राखिनेछ।

६. **क्रियाशील सदस्यता प्रदान गर्ने तथा नवीकरण गर्ने:** (१) पार्टीको विधानको परिधिभित्र रही क्रियाशील सदस्यता जहिलेसुकै पनि प्रदान गर्न सकिनेछ।

(२) पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेका व्यक्तिले बिधानले तोके बमोजिम जहिलेसुकै पनि क्रियाशील सदस्यता नवीकरण गर्न सक्नेछ।

(३) पार्टीको सम्बन्धित निकायले पनि नियम (१) र (२) बमोजिम क्रियाशील सदस्यता प्राप्त गर्न निवेदन दिने वा नवीकरणको लागि निवेदन दिने व्यक्तिलाई जहिलेसुकै पनि क्रियाशील सदस्यता प्रदान गर्न सक्छ।

७. **क्रियाशील सदस्यता छानविन समिति:** (१) विधानको धारा ४ अनुसार क्रियाशील सदस्यता प्राप्त गर्ने प्रारम्भिक कार्यमा क्रियाशील सदस्यता पाउने हकबाट बञ्चित गरियो भन्ने कारण र आधार खोली कुनै साधारण सदस्यले रु. १०/- (दश) सहित उजुरी गर्न आएमा त्यस्ता उजुरी माथि छानविन सहित उपयुक्त निर्देशन दिन प्रत्येक

निर्वाचन क्षेत्रमा उपनियम (४) बमोजिमको एउटा "क्रियाशील सदस्यता छानविन समिति"को गठन गरिनेछ ।

(२) कुनैपनि व्यक्तिले यस विधान अनुसार क्रियाशील सदस्यता उपनियम (४) बमोजिम गठित समितिमा उजुर गर्न सक्नेछ ।

(३) क्रियाशील सदस्यता नवीकरण गर्नुपर्ने कुनै सदस्यको सदस्यता नवीकरण नगर्ने सिफारिस भएमा सो उपर पनि त्यस्तो सदस्यले उपनियम (४) बमोजिमको क्रियाशील सदस्यता छानविन समिति समक्ष उजुरी दिन सक्नेछ ।

(४) क्रियाशील सदस्यता छानविन समितिको गठन देहायबमोजिम हुनेछ–

(क) क्षेत्रीय कार्यसमितिको सभापति
- संयोजक

(ख) सो क्षेत्रको व्यक्ति केन्द्रीय कार्यसमितिको सदस्य भए
- सदस्य

(ग) पार्टीका सांसद वा पछिल्लो आम निर्वाचनमा प्रतिनिधि सभाका लागि सो क्षेत्रमा पार्टीका तर्फबाट उम्मेदवार भएको व्यक्ति
- सदस्य

(घ) सम्बन्धित क्षेत्रका महासमिति सदस्य
- सदस्य

(५) उपनियम (४) बमोजिमको समितिले आफूमध्येबाट एउटा सचिव छान्नेछ ।

(६) क्रियाशील सदस्यता छानविन समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ ।

(७) उपनियम (४) बमोजिम गठित समितिले उपनियम (१), (२) र (३) अनुसार पर्न आएको उजुरीमाथि छानविन गरी उजुरवालालाई क्रियाशील सदस्यता दिनुपर्ने वा निजको सदस्यता नवीकरण गरिदिनुपर्ने ठहरेमा सम्बन्धित गाउँ, नगर वा नगर वडा कार्यसमितिलाई प्रस्ताव गर्न र क्षेत्रीय कार्यसमितिलाई सिफारिस गर्न निर्देशन दिनेछ ।

(८) उपनियम (७) अनुसारको निर्देशन पालना गर्नु सम्बन्धित गाउँ, नगर वा नगर वडा कार्यसमिति र क्षेत्रीय कार्यसमितिको कर्तव्य हुनेछ ।

८. **अभिलेख अद्यावधिक राख्नुपर्ने:** (१) कुनै पनि व्यक्तिले एक ठाउँबाट अर्को ठाउँमा आफ्नो साधारण तथा क्रियाशील सदस्यता स्थानान्तरण गर्न चाहेमा साविकको गाउँ, नगर वा नगर वडा कार्यसमितिमा ठाउँ सारी गरी पाउँ भनी **अनुसूची-६** बमोजिको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) अनुसार निवेदन पर्न आएमा सम्बन्धित गाउँ, नगर वा नगर वडा कार्यसमितिले त्यस्ता व्यक्तिको अभिलेख अद्यावधिक गरी सम्बन्धित व्यक्ति मार्फत स्थानान्तरण गरेको जिल्ला तथा क्षेत्रीय कार्यसमिति र सम्बन्धित गाउँ, नगर वा नगर वडा कार्यसमिति समेतमा **अनुसूची-७** अनुसारको जनाउ पठाउनुपर्नेछ । जनाउ प्राप्त गर्ने सम्बन्धीत सबै निकायले आफ्नो अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ । साथै निवेदन परेको निकायले सम्बन्धीत व्यक्तिलाई स्थानान्तरण भएको जानकारी प्रदान गर्नेछ ।

(३) कुनै सदस्यको मृत्यु भएमा वा पार्टी सदस्यबाट निष्काशित भएमा वा पार्टी परित्याग गरेमा त्यस्ता व्यक्तिको नाम सम्बन्धित दर्ता किताबमा कैफियत जनाई कट्टा गर्नु, गराउनुपर्नेछ । त्यस्तो व्यहोरा सदस्यता दर्ता किताबको रेकर्डमा जनाउनु पर्दछ ।

(४) पार्टी परित्यागको वा मृत्यु भएको कारणबाट कुनै सदस्यको नाम कट्टा गर्नु र गराउनुपर्ने प्रमुख जिम्मेवारी गाउँ, नगर वा नगर वडा कार्यसमितिको हुनेछ ।

(५) पार्टी सदस्यताबाट निष्काशित गरिएको कारण कुनै सदस्यको नाम सम्बन्धित दर्ता किताबबाट कैफियत जनाई कट्टा गर्ने वा गराउने जिम्मेवारी सम्बन्धित निकायको हुनेछ ।

(६) अनुशासन सम्बन्धी कारवाहीमा परी निलम्बनमा रहेको वा साम्प्रदायिक सद्भावमा आँच पुग्ने काम गरेको वा पार्टीको हिसाब किताब मासी खाएको वा नष्ट गरेको भनी सजायँ पाएका कुनै पनि व्यक्तिलाई निलम्बितका हकमा निलम्बन फुकुवा नभएसम्म वा सजायँ पाएको मितिले तीन वर्षसम्म सदस्यता दिन र त्यस्ता कुनै सदस्यको सदस्यता नवीकरणका लागि सिफारिस समेत गरिने छैन ।

(७) यस नियमावलीमा भएको व्यवस्था अनुसार अद्यावधिक अभिलेख राख्ने र राख्न लगाउने मुख्य दायित्व सम्बन्धित सबै निकायको हुनेछ ।

(८) अभिलेख अद्यावधिक बनाउने कार्यमा प्रत्येक निकायका सम्बन्धित सबै सदस्यले सहयोग पुऱ्याउनुपर्नेछ ।

(९) पार्टीका साधारण सदस्य, क्रियाशील सदस्यहरुको नामावली जिल्ला कार्य समितिले अद्यावधिक गर्नु पर्नेछ । यसरी साधारण सदस्य र क्रियाशील सदस्यको अभिलेख राख्दा निजहरुले पार्टीलाई पुऱ्याएका योगदानको विवरण पनि उल्लेख गरिनेछ ।

(१०) पार्टीका साधारण सदस्य र क्रियाशील सदस्यले पुऱ्याएको विशिष्ट योगदानको विवरण जिल्ला कार्यसमितिले प्रत्येक वर्ष केन्द्रीय कार्यालयमा पठाउनुपर्नेछ ।

९. **मतदान गर्न र उम्मेदवार हुन नपाउने:** (१) महाधिवेशनको मिति भन्दा १ वर्ष पहिले क्रियाशील सदस्यता प्राप्त नगरेका वा नवीकरण नगरेका व्यक्तिले पार्टी निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन पाउने छैनन् । त्यस्ता सदस्यको नाम मतदाता नामावलीमा समावेश नहुने गरी निर्वाचन समितिले आवश्यक व्यवस्था गर्नुपर्नेछ । तर पार्टीको क्रियाशील सदस्यता प्रदान र नवीकरण जहिलेसुकै गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

(२) प्रत्येक अवधिका लागि अग्रिम रुपमा भुक्तानी हुने गरी क्रियाशील सदस्यता नवीकरणका लागि रु. १००/- (एक सय) लाग्ने छ ।

(३) प्रत्येक अवधिका लागि तोकिएको नवीकरण शुल्कको २५ (पच्चिस) प्रतिशत शुल्क (पच्चिस रुपैयाँ) बुझाई क्रियाशील सदस्यता प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ । तर कुनै क्रियाशील सदस्यले अग्रिम रुपमा क्रियाशील सदस्यता शुल्क बुझाउन यस नियमले बाधा पुऱ्याएको मानिने छैन । तोकिएको समयमा क्रियाशील सदस्यता नवीकरण नगर्ने सदस्यले प्रत्येक वर्षको रु. २५/- (पच्चिस रुपैयाँ) थप दस्तुर तिरेमा क्रियाशील सदस्यता नवीकरण गर्न पाउने छन् । तर एक महाधिवेशनको अवधि नाँघेका व्यक्तिको हकमा केन्द्रीय कार्यसमितिले तोके बमोजिमको थप शुल्क समेत लाग्नेछ ।

१०. **<u>दस्तुर तथा शुल्क र त्यसको बाँडफाँड सम्बन्धी व्यवस्थाः</u>** (१) नेपाली कांग्रेस पार्टीको साधारण सदस्यताको प्रमाण-पुस्तिका (रसिद प्याड) केन्द्रले जिल्ला कार्यसमितिको जिम्मामा दिनेछ । जिल्लाले केन्द्रबाट साधारण सदस्यता प्रमाण-पुस्तिका (रसिद प्याड) माग गर्दा आफुले मागेको साधारण सदस्यता प्रमाण-पुस्तिका रसिद प्याडको जम्मा संख्याको हुन आउने जम्मा रकमको १० (दश) प्रतिशत रकम अग्रिम रुपमा बुझाई साधारण सदस्यता प्रमाण-पुस्तिका (रसिद प्याड) प्राप्त गर्ने छन् ।

(२) गाउँ, नगर वा नगर वडा कार्यसमितिले साधारण सदस्यता शुल्क वा साधारण सदस्यता नवीकरण शुल्क, उपनियम ३ बमोजिम प्राप्त हुने रकम तथा पार्टीले तोकेको अन्य रकम मध्ये ६० (साठी) प्रतिशत आफ्नो समितिमा आम्दानी बाँधी बाँकी ४० (चालिस) प्रतिशत रकममध्ये १५ (पन्ध्र) प्रतिशत रकम क्षेत्रीय कार्यसमितिमा पठाउनु पर्नेछ । बाँकी २५ (पच्चिस) प्रतिशत रकम जिल्ला कार्यसमितिमा पठाउनु पर्नेछ । जिल्ला कार्यसमितिले आफुलाई प्राप्त भएको २५ (पच्चिस) प्रतिशतको रकममध्ये १० (दश) प्रतिशत रकम केन्द्रमा पठाउनुपर्नेछ । बाँकी १५ प्रतिशत रकम जिल्ला कार्यसमितिमा आम्दानी बाँध्नु पर्नेछ । तर केन्द्रलाई अग्रिम रुपमा जिल्ला कार्यसमितिले १० प्रतिशत रकम बुझाएको अवस्थामा सो १० प्रतिशत बराबरको रकम कट्टा गरी बाँकी रकममात्र केन्द्रमा पठाउनुपर्नेछ ।

(३) नेपाली कांग्रेसमा प्रत्येक क्रियाशील सदस्यले आफ्नो सम्बन्धित इकाई समितिमा मासिक १० (दश) रुपैयाँ बुझाउनु पर्नेछ । त्यस्तो मासिक रकम बार्षिक रुपमा एकमुष्ट बुझाउन पनि सकिनेछ ।

(४) उपनियम (३) मा तोकिएको मासिक शुल्क तथा नियम ११ बमोजिम आफुले प्राप्त गर्ने पारिश्रमिक वा भत्ता बापतको बुझाउनु पर्ने रकम यस नियमावलीमा तोकिए बमोजिम बुझाई सक्रिय सदस्यता नवीकरण गर्नुपर्ने छ । त्यस्तो रकम नबुझाएको पाइएमा र त्यस्तो व्यक्तिको सक्रिय सदस्यता नवीकरण गराएको भए पार्टी तथा निर्वाचन समितिले पार्टीको निर्वाचनमा मतदान गर्न तथा उम्मेदवार हुन नदिने गरी आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

(५) यस नियमावलीमा अन्यत्र जेसुकै भनिएको भएतापनि क्रियाशील सदस्यता नवीकरणबाट प्राप्त हुने शुल्क जिल्ला

कार्यसमितिले बुझी ४० प्रतिशत केन्द्रमा, २० प्रतिशत सम्बन्धित क्षेत्रीय कार्यसमितिमा, २० प्रतिशत सम्बन्धित गाउँ वा नगर वा नगर वडा कार्यसमितिमा पठाई बाँकी २० प्रतिशत रकम जिल्ला कार्यसमितिमा आम्दानी बांध्नु पर्नेछ ।

**११. पार्टीको तर्फबाट लाभको पदमा रहेका व्यक्तिहरू प्राप्त रकमको बाँडफाँड:** (१) सार्वजनिक लाभको पदमा पार्टीको तर्फबाट निर्वाचित भएका वा मनोनयन भएका वा नियुक्त भएका प्रत्येक व्यक्तिले प्राप्त गर्ने पारिश्रमिक तथा भत्ताको १५ प्रतिशत रकम पार्टीलाई बुझाउनुपर्नेछ । उल्लेखित व्यवस्था भ्रातृसंस्था तथा शुभेच्छुक संस्थाका सदस्यहरुको हकमा समेत लागु हुनेछ । सो रकमको बाँडफाँड देहायबमोजिम हुनेछः-

(क) सांसद वा मन्त्रीले विधान बमोजिम बुझाउनु पर्ने सहयोग रकम संसदीय दलमा बुझाउन पर्नेछ । संसदीय दलले यस नियम बमोजिम प्राप्त रकम मध्ये ६५ (पैसठी) प्रतिशत केन्द्रमा, १० (दश) प्रतिशत सम्बन्धित जिल्ला कार्यसमिति र ५ प्रतिशत क्षेत्रीय समितिमा पठाउनुपर्ने छ । बाँकी २० (बीस) प्रतिशत रकम संसदीय दलमा आम्दानी बाँध्नुपर्नेछ ।

(ख) जिल्ला विकास समितिका सभापति र उपसभापति र सदस्यले बुझाउनुपर्ने रकम जिल्ला कार्यसमितिमा बुझाउनुपर्नेछ ।

(ग) गाउँ विकास समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यले बुझाउनुपर्ने रकम गाउँ कार्यसमितिमा बुझाउनु पर्नेछ ।

(घ) नगरपालिकाका प्रमुख, उपप्रमुख र सदस्यले बुझाउनुपर्ने रकम नगर कार्यसमितिमा बुझाउनुपर्नेछ ।

(ङ) जिल्लास्तरीय राजनीतिक नियुक्ति पाएका व्यक्तिहरुले बुझाउनुपर्ने रकम सम्बन्धित जिल्ला कार्यसमितिमा र केन्द्रस्तरीय राजनीतिक नियुक्ति पाएका व्यक्तिहरुले बुझाउनुपर्ने रकम केन्द्रमा बुझाउनु पर्नेछ ।

(२) भातृ संस्था वा शुभेच्छुक संस्थाका सदस्यले प्राप्त गरेको पारिश्रमिक तथा भत्ता रकमको १५ प्रतिशत रकम सम्बन्धित भातृ संस्था वा शुभेच्छुक संस्थामा बुझाउनुपर्नेछ । भातृसंस्था वा शुभेच्छुक संस्थाले आफुले प्राप्त गरेको रकमको ६० (साठी) प्रतिशत रकम पार्टीको केन्द्रीय कार्यालयमा बुझाउनुपर्नेछ । ४० (चालिस) प्रतिशत रकम आफ्नो संस्थामा आम्दानी बाँध्नु पर्नेछ । तर मन्त्री वा सांसदको हैसियतले रकम प्राप्त गरेको अवस्थामा संसदीय दलमा मात्र बुझाए हुनेछ ।

(३) पार्टी एवं भ्रातृसंस्था र शुभेच्छुक संस्थाका सदस्यले पार्टीको केन्द्रीय समितिले समय समयमा निर्धारण गरेको अन्य सहयोग शुल्क समेत बुझाउनु पर्नेछ । त्यस्तो रकम नवुझाउने भातृ संस्था वा शुभेच्छुक संस्थाका सदस्यको क्रियाशील सदस्यता नवीकरण हुने छैन । कुनै कारणबाट सक्रिय सदस्यता नवीकरण भएको भएपनि त्यस्ता व्यक्तिले पार्टीको कुनैपनि तहको निर्वाचनमा उम्मेद्‌वार हुन र मतदान गर्न पाउने छैन ।

(४) अन्य शुल्क र सहयोग राशिको बाँडफाँड केन्द्रले गरेको परिपत्र अनुसार गर्नुपर्नेछ ।

(५) यस नियमावली बमोजिम सहयोग शुल्क बुझाउने सदस्य, संस्था वा व्यक्तिको अभिलेख पार्टीको केन्द्रीय कार्यालय, जिल्ला र क्षेत्रीय कार्यालयमा राखिनेछ ।

# परिच्छेद-३

# पदाधिकारीको नियुक्ति तथा बिभाग सम्बन्धी व्यवस्था

## १२. केन्द्रीय पदाधिकारीको नियुक्ती

१) केन्द्रीय सभापतिले निर्वाचित सदस्यहरु मध्येवाट एक उपसभापति, एक महामन्त्री तथा एक सहमहामन्त्रीको नाम केन्द्रीय कार्य समितिको बैठकमा प्रस्ताव गर्नेछ ।

२) उपदफा (१) वमोजिम केन्द्रीय सभापतिद्धारा प्रस्तावित नाम निर्वाचित केन्द्रीय कार्य समितिद्धारा अनुमोदन हुनु पर्नेछ ।

**१३. केन्द्रीय विभागहरूको गठन**

१) केन्द्रीय विभागका प्रमुखहरुको नियुक्ति, मनोनयन वा हेरफेर केन्द्रीय सभापतिले केन्द्रीय सदस्यहरुमध्येबाट गर्नेछ ।

२) केन्द्रीय विभागमा बढीमा २० जना सदस्यहरुको नियुक्ति, मनोनयन वा हेरफेर केन्द्रीय सभापतिले क्रियाशील सदस्यहरुमध्येबाट गर्नेछ ।

**१४. कार्यसम्पादन समितिका सदस्यहरूको चयन**

केन्द्रीय कार्यसम्पादन समितिमा केन्द्रीय सभापतिले बढीमा बाइस जना सदस्यका लागि केन्द्रीय सदस्यहरुमध्येबाट केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ र बैठकबाट अनुमोदन हुनु पर्नेछ ।

**१५. संसदीय समितिका लागि सदस्यहरूको चयन**

संसदीय समितिमा केन्द्रीय सभापतिले केन्द्रीय सदस्यहरुमध्येबाट बढीमा आठ जना सदस्यका लागि केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ र बैठकबाट अनुमोदन हुनु पर्नेछ ।

**१६. केन्द्रीय अनुशासन समितिको गठन**

केन्द्रीय अनुशासन समितिका लागि एक जना संयोजक र चार जना सदस्यहरुका लागि केन्द्रीय सभापतिले केन्द्रीय सदस्यहरुमध्येबाट केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ र बैठकबाट अनुमोदन हुनु पर्नेछ ।

**१७. केन्द्रीय निर्वाचन समिति तथा लेखा परिक्षण समितिको गठन**

१) केन्द्रीय निर्वाचन समितिका लागि एक संयोजक र दुई जना सदस्यहरुका लागि केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ र बैठकबाट अनुमोदन हुनु पर्नेछ ।

२)	केन्द्रीय लेखा परिक्षण समितिका लागि एक जना संयोजक र दुई जना सदस्यहरुका लागि केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ र र बैठकबाट अनुमोदन हुनु पर्नेछ ।

१८. **कोष निर्माण तथा संचालन समिति**

(१) केन्द्र तथा जिल्लामा कोषाध्यक्षको संयोजकत्वमा कोष निर्माण तथा संचालन समिति गठन हुनेछ ।

(२) कोष निर्माण तथा संचालन समितिका सदस्यहरु सम्बन्धित तहको सभापतिले मनोनयन गर्नेछ ।

(३) समितिले कार्य योजना बनाई कोष निर्माण गर्नेछ तथा संचालन गर्नेछ ।

(४) समितिले आफ्नो कार्य विवरण वर्षमा कम्तिमा एक पटक सम्बन्धित तहको कार्यसमितिमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(५) यस्तै गरी क्षेत्र, गाउँ, नगर, वडा, मतदान केन्द्र समितिहरुमा कोष निर्माण तथा संचालन समिति गठन गर्न सकिनेछ ।

**१९.** **विभागहरू :** नेपाली कांग्रेसको कार्यसञ्चालन गर्नका लागि केन्द्रीय कार्यसमितिको मातहतमा देहायका विभागहरु रहनेछन् ।

**(१) सङ्गठन विभाग:**

(क) जिल्ला कार्यसमिति र जिल्ला कार्यसमिति मार्फत क्षेत्रीय कार्यसमितिको क्रियाशीलता र क्रियाकलाप बारे नियमित अनुगमन र मूल्यांकन गर्न ।

(ख) पार्टीका सबै निकायहरुको अनुगमन गर्ने, पार्टी सुदृढीकरणका लागि विविध विषयमा पार्टीका विभिन्न निकायहरुबाट प्राप्त सुझावहरुलाई ध्यानमा राखी पार्टीका विभिन्न तह मार्फत कार्यान्वयन गर्ने, गराउने ।

(ग) संगठन विभागले सबै क्षेत्रमा संगठनको विस्तार गर्न क्रियाशील रहनेछ ।

(घ) अन्य विभागहरुसँग समन्वय गरी पार्टीको संगठन विस्तारमा क्रियाशील रहने ।

**(२) <u>अन्तर्राष्ट्रिय सम्बन्ध विभाग:</u>**

(क) पार्टीको अन्तर्राष्ट्रिय सम्पर्क र सम्बन्धलाई हेर्ने र तत्सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने ।

(ख) पार्टीको अन्तर्राष्ट्रिय नीति निर्माणमा सहयोग पुऱ्याउने ।

(ग) कुटनितिक क्षेत्रसगँ पार्टीको सम्बन्ध सुदृढ र सुमधुर बनाउने तर्फ क्रियाशील रहने छ ।

**(३) <u>संसदीय विभाग:</u>**

(क) संसदीय दललाई ब्यवस्थीत गर्ने एवं क्रियाशील बनाइ राख्ने ।

(ख) संसद भित्रका गतिविधि सम्वधमा संसदिय दल कार्य समिति, संसदीय दल एवं दल मार्फत जनसमक्ष प्रचार प्रसार गर्ने ।

**(४) <u>स्थानीय निकाय विभाग:</u>**

(क) स्थानीय निकाय सम्बन्धी काम हेर्ने ।

(ख) राष्ट्रिय स्तरका विकास कार्यक्रम, जिल्ला विकास, नगरपालिका, गाउँ विकास समितिको विकास सम्बन्धी कार्यको अनुगमन गर्ने, त्यसको समिक्षा गरि केन्द्रिय कार्य समितिलाइ जानकारी दिने ।

**(५) <u>प्रचार विभाग:</u>**

(क) नेपाल प्रेस युनियनलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) प्रचार-प्रसारको काम गर्ने, सूचना संकलन गर्ने, पार्टीको मुखपत्र एवं पार्टी साहित्यको प्रकाशन र प्रचार-प्रसार गर्ने ।

(ग) पार्टी पुस्तकालयको सञ्चालन गर्ने, पार्टीका तर्फबाट सार्वजनिक गराउनुपर्ने विषयको सूचना प्रवाहित गर्ने तथा पार्टीमाथि लगाइएका आरोपहरुको सम्बन्धमा प्रष्ट पार्ने र खण्डन आदि गर्ने ।

(घ) प्रचार सामाग्रीलाई प्रत्येक जिल्ला, क्षेत्रीय समिति एवं गाँउ इकाइ नगर वडा समितिसम्म प्रचार सामाग्री पुराइ त्यसको रकम समेत बैंक मार्फत प्रचार समितिको खातामा राखी संचालन गर्ने गराउने ।

**(६) <u>महिला विभागः</u>**

(क) नेपाल महिला संघलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) देशभरका महिलाहरुको सङ्गठन, सशक्तीकरण र विकासका सम्बन्धमा आवश्यक कार्ययोजना बनाउने ।

(ग) नेपाल महिला संघलाई भ्रातृसंस्थाका रुपमा सबल र सक्षम संगठन बनाउन सहयोग पुऱ्याउने ।

(घ) महिला हितका विषयमा गठित विभिन्न शुभेच्छुक र सहयोगी, सरकारी तथा गैर सरकारी महिला सम्वन्धी संस्थाहरुसँग आवश्यक सम्पर्क र समन्वय गरी विभिन्न कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

(ङ) महिला सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय चासोका विषयमा पार्टीलाई आवश्यक सल्लाह दिने ।

**(७) <u>विद्यार्थी विभागः</u>**

(क) नेपाल विद्यार्थी संघलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख विद्यार्थीको हक, हितको संरक्षणका लागि पार्टीले लिइने नीति निर्माणमा सहयोग गर्ने ।

(ग) विद्यार्थी संघसँग पार्टीको लोकप्रियताका लागि कार्य गर्ने, गराउने ।

(घ) नेपाल विद्यार्थी संघलाई एउटा राष्ट्रियस्तरको विद्यार्थी संघको रुपमा क्रियाशील गराउने कार्यहरु गर्ने  एवं नेपाल विधार्थी संघले विधार्थी हक हित सम्वन्धी कार्यमा संगठन चुस्त दुरुस्त राख्न नसके केन्द्रिय कार्यसमितिमा त्यसको जानकारी गराउने ।

(ङ) विद्यार्थीको शैक्षिक कार्यक्रम तथा अतिरिक्त कृयाकलापको सहुलीयतका लागि सरकारलाइ सचेत गराइ राख्ने एवं पार्टीलाई आवश्यक सल्लाह, सुझाव दिने ।

(८) **तरूण विभागः**

(क) नेपाल तरुण दललाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख युवाहरुलाई पार्टीको संगठनमा परिचालन गर्न आवश्यक कायृहरु गर्ने, गराउने ।

(ग) अन्तर्राष्ट्रिय रुपमा युवाहरुको विषयमा भएका विकासको बारेमा अध्ययन गरी नेपालमा त्यस्ता कार्यक्रम लागु गर्न पार्टीलाई सल्लाह दिने ।

(घ) युवा र रोजगारका विषयमा पार्टीले लिनुपर्ने नीति निर्माण गरी केन्द्रीय कमिटीमा पेश गर्ने ।

(ङ) युवा संगठनको विस्तार सबै क्षेत्रमा पुऱ्याउन तरुण दललाई प्रभावकारी बनाई तरुण संगठनको विस्तार र गर्ने ।

(च) पार्टीको संगठनको कार्यमा युवाहरुको स्थान र परिचालनको लागि आवश्यक कार्यहरु गरी पार्टीलाई सल्लाह दिने ।

(छ) आवश्यकता अनुसार पार्टी संगठनको रक्षार्थ तरुण जमातलाई क्रियाशील गराउने तर्फ उन्मुख गर्ने ।

(९) **पेशागत तथा बुद्धिजीवी विभागः**

(क) प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल डेमोक्र्याटिक्स लयर्स एसोसियसन, नेपाल प्रजातन्त्रवादी ईन्जिनियर्स एसोसिएसन, प्रजातन्त्रवादी चिकित्सक संघ लगायतका संस्थालाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) बौद्धिक, सृजनशील एवं व्यावसायिक क्षेत्रमा कार्यरत विभिन्न भाषा-भाषी एवं साहित्य, कला, संस्कृति र विज्ञानसँग सम्बन्धित संघ-संस्था र व्यक्तिहरुका बीच समन्वय कायम गर्ने ।

(ग) संघ-संस्थाबाट सम्बन्धित क्षेत्रको सुभ्काब र परामर्श लिने तथा आवश्यक कार्ययोजना तयार गरी पार्टीबाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने ।

(घ) देश भरी रहेका पेशागत तथा बौद्धिक समुदाय सगँ सम्वन्धित सघं संस्था तथा ब्यक्ती हरुको अभिलेख राख्ने ।

**(१०) सांस्कृतिक विभागः**

(क) नेपाल सांस्कृतिक संघलाई प्रभावकारी परिचालन गर्ने ।

(ख) नेपालको संस्कृति र परम्पराको संरक्षणमा पार्टीलाई आवश्यक नीति निर्माणमा सहयोग गर्ने ।

(ग) देश भरका सबै जिल्ला सांस्कृतिक संघहरुलाई पार्टीको संगठन परिचालन गर्न पार्टीलाई आवश्यक सहयोग गर्न उत्प्रेरित गर्ने ।

(घ) सांस्कृतिक र परम्पराको अध्ययन अनुसन्धान गरी पार्टीलाई त्यस्ता अध्ययन प्रतिवेदन दिने ।

(ङ) पार्टीको कार्यक्रमहरुमा सांस्कृतिक कार्यक्रम ब्यवस्थापन तथा सञ्चालन गर्ने गराउने तथा लोकतान्त्रिक जागरण अभियान परिचालन गर्ने ।

**(११) शिक्षा विभागः**

(क) पार्टीसँग सम्बद्ध शिक्षा क्षेत्रका संघ/संस्थाहरुलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) देशको शैक्षिक स्थिति र शिक्षा नीति तथा समस्याको समग्र अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

(ग) गुणस्तरीय शिक्षामा सबैको सहज पहुँच लाई सुनिश्चित गर्न आवश्यक कार्ययोजना तर्जुमा गर्ने ।

(घ) विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने शिक्षा प्रणालीको विकास गर्न र तदअनुरुपका शैक्षिक संस्थाको विकासमा जोड दिने ।

(ङ) प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिई प्राविधिक शिक्षा सम्बन्धी नीति निर्माणमा सुझाव दिने ।

(च) शिक्षामा निजी क्षेत्रको लगानी र सबैका लागी शिक्षाका बिचमा सन्तुलन कायम गर्ने सम्बन्धमा नीतिगत सुझाव दिने ।

(छ) मुलुकभर सञ्चालित विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयहरु र नयाँ स्थापित हुने शिक्षालयहरु सम्बन्धि लिनु पर्ने नीतिका बारेमा आवश्यक अध्ययन गरी राय सुझाव पेश गर्ने ।

(ज) नेपाललाई अन्तर्राष्ट्रिय शैक्षिक केन्द्रको रुपमा स्थापित गराउँदै लग्न आवश्यक नीति तयार गर्न पार्टीलाई सहयोग पुऱ्याउने ।

(झ) बालबालिकालाई शिक्षामा सामाजिक सुरक्षाको प्रत्याभूती दिने गरी पार्टीलाई कार्ययोजना बनाई पेश गर्ने ।

(ण) नीजि क्षेत्रबाट संचालित शिक्षासंग संबन्धीत संस्था हरुले सरकारको नीति नियम अनुसार सम्झौता गरे नगरेको र गुणात्मक सेवा प्रदान गरे नगरेको एकिन गर्ने र उक्त सम्झौताको कार्यान्वयन पक्ष र कार्य योजना लाइ ब्यवस्थित गर्न आवश्यक कदम चाल्ने ।

**(१२) <u>स्वास्थ्य विभागः</u>**

(क) पार्टीसँग सम्वद्ध स्वास्थ्य क्षेत्रका संघ/संस्थाहरुलाई क्रियाशील बनाएर परिचालन गर्ने ।

(ख) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित शैक्षिक समस्याहरुको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

(ग) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित पार्टी नीतिमा समय सापेक्ष परिमार्जन गर्न सुझाव पेश गर्ने ।

(घ) विश्वजगतसँग प्रतिस्पर्धा गर्न सक्ने किसिमको स्वास्थ्य प्रणालीको विकासका लागि योगदान पुऱ्याउने र तदअनुरुपका स्वास्थ्य संस्थाको विकासमा जोड दिने ।

(ङ) सम्पूर्ण नागरिकहरुलाई स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गर्न गराउन आव्श्यक पहल गर्ने ।

(च) नीजि तथा सार्वजनिक क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको आवश्यक अनुगमन गरी स्वास्थ्य सेवा सुलभ तरिकाले उपलब्ध गराउन आवश्यक पहल गर्ने ।

(छ) बालबालिकालाई स्वास्थ्यमा सामाजिक सुरक्षाको प्रत्याभूती दिने गरी पार्टीलाई कार्ययोजना बनाई पेश गर्ने ।

(ज) नीजि क्षेत्रबाट संचालित स्वास्थ्यसंग संबन्धीत संस्था हरुले सरकारको नीति नियम अनुसार सम्झौता गरे नगरेको र गुणात्मक सेवा प्रदान गरे नगरेको एकिन गर्ने र उक्त सम्झौताको कार्यान्वयन पक्ष र कार्य योजना लाइ ब्यवस्थित गर्न आवश्यक कदम चाल्ने ।

**(१३) <u>गैरसरकारी संस्था एवं सामाजिक सेवा विभागः</u>**

(क) पार्टीसँग सम्वद्ध गैर सरकारी संस्था एवं महासंघहरुलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) गैरसरकारी एवं सामाजिक संस्था र सामाजिक क्षेत्रसँग सम्बन्धित कामको सम्बन्धमा नीति निर्माणका लागि सरकारी नीतिको समेत अध्ययन गरी सुझाव पेश गर्ने ।

(ग) गैरसरकारी संस्थाहरुलाई सम्पूर्ण जनताहरुको हितमा परिचालन गर्न आवश्यक कार्य योजनाहरु तर्जुमा गर्ने ।

(घ) गैरसरकारी संस्थाहरुबाट आयोजना गरिने कार्यक्रमहरुमा पार्टीको तर्फबाट प्रतिनिधित्व गराउन आवश्यक पहल गर्ने तथा गैरसरकारी संस्था एवं सरकारी विकास योजनाहरुमा कार्यक्रम दोहोरिन नदिनका लागी रेखदेख गर्ने ।

(ङ) सामाजिक क्षेत्रको कामसँग सम्बन्धित विषयमा गोष्ठी सेमिनार आदिको आयोजना गर्ने ।

(च) नागरिकहरुको सामाजिक सुरक्षा सम्बन्धी राज्यका नीतिहरुको अध्ययन गर्ने, समय सापेक्ष सुधारका लागि सुझाव दिने ।

(छ) राज्यमा गैरसरकारी संस्थाहरुको उपस्थिति र भूमिकाका बारेमा आवश्यक परामर्श गरी पार्टीलाई आवश्यक सुझाव दिने ।

(ज) गैरसरकारी/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका लागि देश भित्रिने वैदेशिक सहयोगलाई भौतिक पूर्वाधार एवं जनशक्तिको विकासमा लगाउन आवश्यक नीति निर्माण गर्ने र बैदेशिक सहयोगको एकीकृत कार्ययोजना बनाई सहयोग रकमको सदुपयोग गराउन आवश्यक कार्यक्रम बनाइ पार्टीको नीति तर्जुमामा सहयोग गर्ने ।

(झ) सरकार तथा दातृ निकाय बीचको सहकार्य सम्बन्धी नीति र कार्ययोजना बनाई सहयोग गर्ने ।

**(१४) <u>अनुसन्धान तथा अभिलेख विभागः</u>**

(क) देशको समसायिमक राजनीति र राष्ट्रिय-अन्तर्राष्ट्रिय रुपमा पार्टीले विभिन्न क्षेत्रमा लिनुपर्ने नीतिको निर्माण तथा अख्तियार भइ रहेका नीति माथि पुनर्विचार र परिवर्तन गर्नु पर्ने अवस्था देखिएमा सो सम्बन्धमा समेत अनुसन्धानात्मक कार्य गर्ने एवं सो कार्यको निष्कर्ष उपलब्ध गराई त्यसको अनुगमनमा सहयोग गर्ने, गराउने ।

ख) पार्टीका सम्पूर्ण काम, कार्वाहीहरुको स्पष्ट रुपमा अभिलेख राख्ने ।

ग) पार्टीका सम्पूर्ण साधारण सदस्यहरु, क्रियाशील सदस्यहरु, भातृ संगठनहरुका सदस्यहरु र शुभेच्छुक संस्थाहरुका सदस्यहरुले पार्टीमा पुऱ्याएको योगदानको अभिलेख राख्ने ।

घ) मुलुकको समग्र हितका लागि पार्टीले लिनु पर्ने रणनीतिका विषयमा आवश्यक अनुसन्धान गरी पार्टीको केन्द्रीय कार्यसमिति समक्ष सिफारिस गर्ने ।

ङ)	पार्टीको उद्देश्य र विकासका विषयमा अनुसन्धान गर्ने, गराउने ।

**(१५) उद्योग व्यापार विभाग**

(क) उद्योग तथा व्यापार व्यवसायका क्षेत्रमा विद्यमान समस्याहरु र समाधानका उपायका बारेमा अध्ययन गरी सुझाव पेश गर्ने ।

(ख) मुलुकको आद्योगिक र व्यापारिक व्यवस्थाको सम्बन्धमा अध्ययन गरी आद्योगिक र व्यापारिक समस्याहरुलाई समाधान गर्न पहल गर्ने ।

(ग) वैदेशिक लगानीको लागि आवश्यक वातावरण तयार गर्न पार्टीलाई सुझाव दिने ।

(घ) पर्यटन व्यवसाय र उद्योगका सम्बन्धमा आवश्यक नीति निर्माण र सुझाव दिने ।

**(१६) यातायात तथा व्यवसाय विभागः**

(क) मुलुकभर सहज किसिमले याातायातका साधनहरु पुऱ्याउनका लागि गर्नुपर्ने कार्यका लागि आवश्यक पहल गर्ने ।

(ख) यातायात मजदुरलाई पार्टीको पक्षमा संगठित र क्रियाशील वनाउने ।

(ग) यातायात व्यवसायी र यातायात मजदुरहरुबीच आई पर्ने समस्याहरुको पहिचान र समाधानका लागि आवश्यक पहल गर्ने ।

**(१७) कृषी तथा सहकारी विभागः**

(क) नेपाल किसान संघलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) कृषीको आधुनिकिकरण गर्ने, कृषी जन्य उद्योगलाई प्रोत्साहित गर्ने, कृषीलाई व्यवसायिकरण गर्ने, कृषकको हितका लागि खाद, मल, विउ समेतको सुलभ व्यवस्थाको लागि प्रयत्नशील रहने ।

(ग) देशमा रहेका सहकारी संस्था र तिनका गतिविधिका विवरण संकलन गरी तिनीहरुको प्रभावकारी सञ्चालन सम्बन्धी योजना तयार गरी पेश गर्ने ।

(घ) पार्टीको सहकारी नीति तथा कार्यक्रमका बारेमा विज्ञहरुद्वारा गोष्ठी र छलफलको आयोजना गरी जानकारी गराउने ।

(ङ) सहकारीको विकासलाई संरक्षण र प्रवर्द्धन गरी आर्थिक, सामाजिक परिवर्तनको अभियानलाई ठोस सहयोग पुऱ्याउन योजना बनाई पार्टीमा पेश गर्ने ।

(च) स्थानीय तह देखि पार्टी पंक्तिलाई सहकारी अभियानमा संलग्न एवं सक्रिय बनाउन तालिम तथा प्रशिक्षणको आयोजना गर्ने र सहकारी सम्बन्धि प्रकाशन तथा प्रचार गर्ने ।

**(१८) संवैधानिक तथा कानून विभागः**

(क) राष्ट्रिय र अर्न्तराष्ट्रिय महत्वका कानूनी विषय तथा सन्धीसम्झौता सम्बन्धित क्षेत्रका विज्ञहरुसँग परामर्श एवं छलफल गरी प्राप्त निष्कर्षहरु पेश गर्ने ।

(ख) देशको संविधान, ऐन कानून र नियमहरुको अध्ययन गरी तिनीहरुको कार्यान्वयनको स्थिति तथा सुधार एवं परिमार्जनका सम्बन्धमा सुझाव दिने ।

(ग) समसामयिक राजनैतिक तथा अन्य विषयहरुमा पार्टीलाई कानूनी सल्लाह प्रदान गर्ने ।

(घ) पार्टीसँग सम्बन्धित मुद्दा मामिलाहरुको सन्दर्भमा आवश्यक सहयोग गर्ने ।

**(१९) आदिवासी तथा जनजाती विभागः**

(क) नेपाल आदिवासी जनजाती संघलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) आदिवासी तथा जनजातीका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने, गराउने ।

(ग) आदिवासी जनजातीलाई पार्टीको राजनीतिक मूल प्रवाहमा ल्याउन आवश्यक सल्लाह पार्टीलाई दिने ।

(घ) आदिवासी तथा जनजाती सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र मूल्यलाई अध्ययन गरी पार्टीमा प्रतिवेदन दिने ।

(ङ) आदिवासी जनजाती बीच पार्टीको संगठन विस्तार गर्ने ।

(च) आदिवासी जनजाती बीच समन्वय गरी पार्टीको नीति र सिद्धान्तलाई लोकप्रिय बनाउने ।

**(२०) अनुगमन तथा मूल्याङ्कन विभागः**

(क) पार्टीको प्रभावकारीता जनस्तरमा कस्तो छ अनुगमन तथा मूल्याङ्कन गरी केन्द्रीय कार्यसमितिमा प्रतिवेदन पेश गर्ने ।

(ख) पार्टीका निकायको कार्यसञ्चालन तथा प्रभावकारीताको अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको मूल्या्कन गरी आवश्यक सुधार गर्ने विषयमा पार्टीलाई बार्षिक प्रतिवेदन पेश गर्ने ।

(ग) भातृसंस्था, शुभेच्छुक संस्थाको सञ्चालन पार्टीको पक्षमा भए नभएको अनुगमन गरी भातृ तथा शुभेच्छुक संस्थालाई प्रभावकारी बनाउन पार्टीले लिनुपर्ने नीति निर्माण गरी त्यस्ता नीतिमा अन्तरक्रिया गराई पार्टीलाई प्रतिवेदन पेश गर्ने ।

(घ) अन्तर्राष्ट्रिय संस्थाले नेपालमा पुऱ्याएको सहयोग प्रभावकारी रुपमा भएको छ छैन पार्टीलाई सुझाव दिने ।

**(२१) खेलकुद विभागः**

(क) नेपाली कांग्रेससँग आवद्ध खेलकूदसँग सम्बन्धी संघ/संस्थाहरूलाई परिचालन गर्ने ।

(ख) खेलकुद तथा खेलाडीहरुको विकासका लागि पार्टीबाट नीति निर्माणमा सहयोग गर्ने ।

(ग) नेपाली खेलाडीहरुले अन्तराष्ट्रिय खेलाडीहरुसंग प्रतिस्पर्धा गर्न सक्ने किसिमको वातावरण तयार पार्नका लागि खेलाडीहरुलाई आवश्यक तालिमहरु र प्रोत्साहन गर्न आवश्यक पहल गर्ने ।

(घ) नेपाली खेलाडीहरुको हकहित र रोजगारको ग्यारेन्टी गर्नका लागि पार्टीको तर्फबाट पहल गर्ने ।

(ङ) खेलकुदका लागि आवश्यक भौतिक संरचना र जनशक्तिको निर्माणमा पार्टीले लिनुपर्ने नीति निर्माणमा सहयोग गर्ने ।

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद संस्थाहरुसँग समन्वय गरी नेपालको खेलकुद विकासमा आवश्यक नयाँ कार्ययोजना तयार गर्ने ।

(छ) खेलकुद क्षेत्रमा नियुक्ति हुने पदाधिकारी र तिनीहरुको प्रभावकारी परिचालनका लागि एउटा मापदण्ड निर्धारण गर्न पार्टीलाई सहयोग गर्ने ।

(ज) नीजी क्षेत्र र व्यवसायिक खेलकुदको विकासका लागि अवाश्यक कार्यायोजनाहरु बनाई पार्टी मार्फत गर्नुपर्ने कार्य गर्ने, पार्टीको नीति र कार्यक्रमहरुमा खेलाडीहरुलाई प्रभावकारी परिचालन गर्न वातावरण निर्माण गर्ने ।

(झ) बालबालिकाको खेल्ने अधिकारको संरक्षण र प्रवर्द्धन गर्न पार्टीलाई आवश्यक सहयोग र सुझाव दिने । त्यस्तै विशेष खेलकुद नीति बनाई पार्टीमा पेश गर्ने ।

**(२२) <u>प्राकृतिक श्रोत विभागः</u>**

(क जलश्रोत, खनिज, उर्जा, जमिन, जंगल, जडीबुटी एवं जैविक विविधता सम्बन्धमा सरकारले लिएका नीति तथा ऐन कानून र नियमहरुको अध्ययन गरी तिनीहरुलाई समयसापेक्ष परिमाजन गर्न सुझाव दिने । प्राकृतिक श्रोत तथा साधनको कसरी संरक्षण गर्ने र राज्यको हितमा बढी भन्दा बढी प्रयोगमा ल्याउनका लागि ऐन कानूनहरुको अध्ययन गरी पार्टीले लिनु पर्ने नीतिका बारेमा सुझाव दिने ।

(ख) मुलुकमा रहेका जलश्रोत, खनिज, जडीबुटी, उर्जा, जमिन, वनजंगल एवं जैविक विविधताको

अवस्थाको पहिचान गरी उक्त श्रोतहरुको सदुपयोग गरी राष्ट्रको समुन्नत विकासका लागि के गर्न सकिन्छ त्यस क्षेत्रको समस्या एवं समाधानका उपायहरु बारे सम्बन्धित क्षेत्रका विशेषज्ञहरुद्वारा अध्ययन अनुसन्धान गराई प्रतिवेदन पेश गर्ने ।

(ग) जलश्रोत, खनिज, उर्जा, जमिन, जडीबुटी, जैविक विविधता एवं पर्यावरण सन्तुलनको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्बन्ध राख्ने, सम्पर्क विस्तार गर्ने तथा तिनको सम्बन्धमा अध्ययन गरी सुझाव दिने र उक्त क्षेत्रमा कार्यरत विशेषज्ञहरुसँग सम्पर्क राखि अन्तरक्रिया, गोष्ठि, छलफल गर्ने र उनीहरुलाई पार्टीको हितमा परिचालन गर्ने ।

**(२३) प्रशासन विभागः**

(क) सरकारबाट भएका काम कारवाहीहरुको अनुगमन गर्ने ।

(ख) सरकारी तथा राजनैतिक क्षेत्रमा भएका भ्रष्टाचार अनियमितता, ढिलासुस्ती तथा सरकारी संयन्त्रमा भएका राजनैतिक हस्तक्षेप जस्ता क्रियाकलापहरुको नियन्त्रण गर्नका लागि अवलम्बन गर्नुपर्ने उपायहरुको सम्बन्धमा सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

(ख) राज्यको प्रशासनिक क्षेत्रसँग सम्बन्धित विषयहरुमा गोष्ठी एवं सेमिनारहरुको आयोजना गर्ने ।

(ग) प्रशासनिक क्षेत्रका पदाधिकारी तथा विज्ञहरुको अभिलेख राखि कामको आधारमा मूल्याङ्कन तयार पार्ने ।

**(२४) श्रमिक विभागः**

(क) नेपाल ट्रेड युनियन काँग्रेस-स्वतन्त्रलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) उद्योग तथा औद्योगिक प्रतिष्ठानहरुमा काम गर्ने श्रमिकहरुको हकहितका लागि आवश्यक नीतिहरु

बनाई सोबमोजिम काम गर्न सिफारिस गर्ने ।

(ग) श्रमिकहरुको हक हित र अधिकारहरुको विषयमा गोष्ठी तथा छलफलको आयोजना गरी प्राप्त सुझावलाई कार्यान्वयन गर्न सिफारिस गर्ने ।

(घ) उद्योगपति वा व्यवसायी र श्रमिकहरुका बीचमा रहेका समस्याहरुको पहिचान गरि ति समस्याहरु समाधान गर्न आवश्यक मार्गनिर्देशन तयार गर्ने ।

(ङ) असंगठित कृषी निर्माण लगायतका मजदुरहरुलाई संगठित गर्ने ।

**(२५) नेपाली जनसम्पर्क समिति समन्वय विभागः**

(क) विदेश स्थित नेपाल जनसम्पर्क समितिहरुलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) विभिन्न देशमा रहेका नेपालीहरु बीच पार्टीको संगठन विस्तारमा सहयोग पुऱ्याउने र पार्टीको नीति र कार्यक्रमलाई अवलम्बन गरी पार्टीको संगठन विस्तार गर्न के कस्ता नीति पार्टीले लिनुपर्ने हुन्छ त्यस सम्बन्धमा पार्टीलाई प्रतिवेदन दिने ।

(ग) नेपालीहरुलाई विदेशको बसाईमा परेका समस्याका समाधान गर्न पार्टीलाई जानकारी गराई त्यस्ता समस्या समाधानमा सहयोग गर्ने ।

(घ) पार्टीको बृहत्तर हीतको लागि नेपाली जनसम्पर्क समितिलाई सुदृढ, अनुशासित एवं एकतावद्द गरी परिचालन गर्न आवश्यक कार्यहरु गर्ने ।

(ङ) गैर आवासीय नेपालीहरुको संस्था (NRN) संग प्रभावकारी सम्पर्क र समन्वय गर्ने ।

**(२६) वैदेशिक रोजगार क्षेत्र समन्वय विभागः**

(क) मुलुकमा रहेको शैक्षिक बेरोजगारी लगायत अन्य बेरोजगारीहरुलाई रोजगार दिनका लागि रोजगारीका लागि पठाउन सक्ने मुलुकहरुको पहिचान गरी उक्त मुलुकहरुसंग पार्टीको जनसम्पर्क विभाग मार्फत आवश्यक सम्बन्ध बढाउने ।

(ख) वैदेशिक रोजगारमा गएका नेपालीहरुले वैदेशिक रोजगारको सिलसिलामा भोगेका समस्याहरुको पहिचान गरी उक्त समस्याहरुलाई समाधान गर्नका लागि आवश्यक पहल गर्ने ।

(ग) वैदेशिक रोजगारीका लागि गन्तव्य क्षेत्र र त्यस क्षेत्रमा रहेका जोखिमहरुका बारेमा जानकारी दिन र जोखिमहरु न्यूनीकरण गर्नका लागि पार्टीको तर्फबाट आवश्यक पहल गर्ने ।

(घ) वैदेशिक रोजगारमा जानु पूर्व सम्वन्धित मुलुकको अवस्था वारे अभिमुखीकरण सम्वन्धी तालिमको व्यवस्था गर्ने, गराउने ।

## (२७) अपाङ्ग विभागः

(क) नेपाल राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघलाई क्रियाशील बनाई परिचालन गर्ने ।

(ख) मुलुकभरका अपाङ्गहरुको सङगठन सशक्तिकरण र विकासका सम्बन्धमा आवश्यक कार्य योजना तयार पार्ने ।

(ग) मुलुक भरका अपाङ्गहरुको हितका विषयमा गठित विभिन्न शुभेच्छुक, सहयोगी र सामाजिक संस्थाहरुसंग आवश्यक सम्पर्क र समन्वय गरी विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

(घ) मुलुकभरका अपाङ्गहरुको सामाजिक सुरक्षाका लागि विशेष कार्यक्रमहरु ल्याउन सरकारलाई सिफारिस गर्ने ।

(ङ) अपाङ्गका क्षेत्रमा प्राप्त हुने वैदेशिक सहयोगलाई भौतिक पूर्वाधार र जनशक्ति निर्माणमा प्राथमिकता दिने गरी नीति निर्माण गर्ने गराउने कार्यमा पार्टीलाई सहयोग गर्ने ।

## (२८) भूपू सैनिक विभागः

(क) नेपाल भूतपूर्व सैनिक संघलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) नेपाल भूतपूर्व सैनिक संघलाई सक्षम संगठन बनाउन सहयोग पुऱ्याउने ।

(ग) नेपाल भरका भूतपूर्व सैनिकहरुको तथ्याङ्क संकलन गरी देशको शान्ति सुरक्षामा भूतपूर्व सैनिकहरुले पुऱ्याउन सक्ने योगदानको पहिचान गराउने ।

(घ) पार्टीको आन्तरिक सुरक्षाका लागि भूतपूर्व सैनिकहरुलाई कसरी प्रभावकारी उपयोगमा ल्याउन सकिन्छ सो बारेमा आवश्यक अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने ।

(ङ) भूतपूर्व सैनिकहरुको हक हित र सुरक्षाका साथै उक्त जनशक्ति राष्ट्र निर्माणको काममा लगाउने नीति निर्माणमा सहयोग गर्ने ।

(च) मुलुक वाहिर रहेका भूपू सैनिकसंग सम्पर्क र समन्वय गर्ने गराउने ।

(२९) **दलित विभागः**

(क) नेपाल दलित संघलाई क्रियाशील वनाएर परिचालन गर्ने ।

(ख) कानुनी रुपमा छुवाछुत सम्बन्धी व्यवस्था अन्त्य भईसकेको अवस्थामा पनि सामाजिक रुपमा छुवाछुत सम्बन्धी कुरीतीहरु रही नै रहेको हुँदा मुलुकबाट छुवाछुत सम्पूर्ण रुपमा निर्मूल गर्नका लागि गर्नुपर्ने कामहरुको अध्ययन अनुसन्धान गरी उक्त काय गर्ने गराउनेको लागि केन्द्रीय कार्यसमिति मार्फत सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

(ग) राज्यका समग्र क्षेत्रमा दलितहरुको समावेशी उपस्थितिका लागि आवश्यक पहल गर्ने ।

(घ) सामाजिक क्षेत्रमा देखिएका कुरितीहरुलाई हटाउने कार्यमा पार्टीलाई सक्रिय बनाउन आवधिक योजना तयार गरी केन्द्रीय कार्यसमिति समक्ष पेश गर्नेछ ।

(ङ) सामाजिक रुपमा उत्पीडनमा परेका दलिति तथा दलित समुदायलाई राज्यद्वारा प्रदान गरीने सामाजिक सुरक्षाको कार्ययोजना बनाउनका लागि पार्टीलाई सहयोग गर्ने ।

(च) सामाजिक रुपमा उत्पीडन भएका वर्ग र व्यक्तिलाई शैक्षिक तथा स्वस्थ्य सम्बन्धी सुविधा उपलब्ध गराउन पार्टीले राष्ट्रिय मुद्धाको रुपमा अभियान चलाउन सहयोग गर्ने ।

(छ) दलित समुदायमा पार्टीको संगठनलाई सशक्त बनाउने गरी कार्ययोजना सहित अभियान सञ्चालन गर्ने ।

**(३०) द्वन्द व्यवस्थापन विभागः**

(क) पार्टीका शहिद, शहिद परिवार, आतंक/हिंसावाट पिडितहरुको अभिलेख दुरुस्त राख्ने ।

(ख) मुलुकको राजनैतिक, आर्थिक, सामाजिक लगायतका सबै क्षेत्रमा द्वन्दबाट पिडित र उत्पन्न विषय परिस्थितिबारे अध्ययन गर्ने ।

(ग) विस्थापित एवं द्वन्दका कारणहरुको पहिचान गर्ने र विगतका हिंसात्मक द्वन्दबाट पिडितहरुको तथ्याङ्क तयार पार्ने ।

(घ) द्वन्द पिडितहरुको पूर्नस्थापना योजना तयार पार्ने ।

(ङ) द्वन्दको दीगो समाधानका उपाय पत्ता लगाई कार्यान्वयनका लागि केन्द्रीय समिति समक्ष पेश गर्ने ।

(च) द्वन्द व्यवस्थापनको स्थायी समाधानका लागि द्वन्द व्यवस्थापनसंग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग सम्बन्ध राख्ने, सम्पर्क विस्तार गर्ने, तिनको सम्बन्धमा अध्ययन गरी सुझाव दिने र उक्त क्षेत्रमा कार्यरत विशेषज्ञहरुसंग सम्पर्क राखी अन्तरकृया, गोष्ठीहरुको आयोजना गरी छलफल गर्ने र उनीहरुलाई पार्टी हितका लागि प्रयोग गर्ने ।

२०. **अञ्चल समन्वय समितिः** देहाय बमोजिमको अञ्चल समन्वय समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | केन्द्रीय सभापतिबाट मनोनित केन्द्रीय कार्यसमितिका सदस्यमध्येबाट एक जना | - संयोजक |
| (ख) | अञ्चल भित्रका सांसदहरु | - सदस्य |
| (ग) | अञ्चल भित्रका पूर्व केन्द्रीय सदस्य एवं पूर्व सांसद मध्ये केन्द्रीय सभापतिले मनोनित गरेका ५/५ जना | - सदस्य |
| (घ) | अञ्चलभित्रका जिल्ला सभापतिहरु | - सदस्य |
| (ङ) | केन्द्रीय सभापतिले मनोनित गरेका नेपाली कांग्रेसका क्रियाशील सदस्यहरुमध्येबाट ५ जना | - सदस्य |
| (च) | अञ्चलभित्रका केन्द्रीय कार्य समितिका सदस्यहरु | - आमन्त्रित सदस्यहरु रहनेछन् । |

(२) अञ्चल समन्वय समितिले अञ्चलभित्र पार्टीको एकता, संगठन विस्तार र सुदृढीकरणको लागि आवश्यक कार्यहरु गर्नेछ ।

(३) अञ्चल समन्वय समितिले पार्टीको संगठन विस्तार र सुदृढीकरण सम्बन्धी गर्नुपर्ने कार्यहरुको अध्ययन अनुसन्धान गरी केन्द्रीय कार्यसमितिलाई सिफारिस गर्नेछ ।

**२१. प्रदेश समितिको गठनः**

(१) विधानको धारा १२ मा उल्लेखित प्रदेश समितिको गठन गर्दा केन्द्रीय कार्यसमितिको पहलमा विधानको धारा १२ बमोजिम प्रदेश समिति गठन गरिनेछ ।

(२) प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार केन्द्रीय कार्यसमितिले तोके बमोजिम हुनेछ ।

**२२. काठमाडौं उपत्यका समन्वय समितिः**

(१) विधानको धारा १३ बमोजिम गठन हुने काठमाडौं उपत्यका समन्वय समितिको संयोजकको नियुक्ति,

मनोनयन वा हेरफेर केन्द्रीय सभापतिले कार्यसमितिको सदस्यहरुमध्येबाट गर्नेछ ।

(२) उपत्यका समन्वय समितिमा देहाय बमोजिम सदस्यहरु रहनेछन् :

(क) काठमाडौँ उपत्यका भित्रका तीन वटै जिल्लाका जिल्ला सभापतिहरु

(ख) काठमाडौँ उपत्यका भित्रका तीन वटै जिल्लाभित्रका क्षेत्रीय सभापतिहरु

(३) सदस्यहरु मध्येवाट संयोजकले तोकेको व्यक्तिले सदस्य सचिव भई काम गर्नेछ ।

(४) पार्टीलाई उपत्यकाभित्र सशक्त रुपमा समन्वय एवं परिचालन गर्ने कार्य उपत्यका समन्वय समितिको हुनेछ ।

(५) उपत्यकाभित्रका शुभेच्छुक संस्थाहरुसँग कम्तीमा वर्षको २ पटक अन्तरक्रिया गरी पार्टी सुदृढीकरण सम्बन्धी प्रतिवेदन केन्द्रीय कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

(६) निजी क्षेत्रका उद्योगी व्यवसायी र पेशा व्यवसायी व्यक्तिहरुलाई पार्टीमा संलग्न गराउन पार्टीले चाल्नु पर्ने रणनीतिहरु तयार गरी केन्द्रीय समितिमा पेश गर्नेछ ।

(७) केन्द्रबाट तोकेका अन्य कार्यहरु गर्ने, गराउने ।

२३. **केन्द्रीय विभाग तथा निकायका काम, कर्तव्य तथा अधिकारः**

(१) केन्द्रीय विभाग तथा निकायका काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) विभाग तथा निकायले आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित कार्यहरुको कार्यक्रम बनाई लागू गर्ने र त्यस सम्बन्धी जानकारी केन्द्रमा पठाउनुपर्नेछ ।

(ख) कम्तिमा वर्षको २ (दुई) पटक आफ्नो विभाग सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी त्यसको प्रतिवेदन केन्द्रीय कार्य समितिमा दिनु पर्नेछ ।

(ग) आफ्नो विभाग सम्बन्धी पार्टीले निर्धारण गर्नुपर्ने नीति, नियमका सम्बन्धमा अध्ययन र छलफल

गराई प्राप्त सुझाव सहितको प्रतिवेदन केन्द्रीय कार्य समितिमा प्रस्तुत गर्नुपर्नेछ ।

(घ) पार्टीको उद्देश्य, नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने र त्यस सम्बन्धी कार्ययोजनाहरु बनाई पार्टीको विभिन्न तह र निकाय मार्फत लागू गर्ने, गराउनेछ ।

(ङ) प्रत्येक विभागले निरन्तर रुपमा आ-आफ्नो विभाग सम्बन्धी विषयमा महामन्त्रीलाई जानकारी दिनुपर्नेछ र आर्थिक दायित्व पर्ने विषयमा कोषाध्यक्षलाई जानकारी गराई स्वीकृति लिनुपर्नेछ ।

(च) केन्द्रले तोकेका कार्यहरु गर्ने, गराउने र दिएको निर्देशन कार्यान्वयन गर्ने, गराउनेछ ।

(छ) अञ्चल तथा जिल्लाबाट प्राप्त प्रतिवेदनहरु अध्ययन गरी आफ्नो विभागसँग सम्बन्धित रणनीति तय गर्नेछ ।

(ज) केन्द्रले विभाग सम्बन्धी तोकेका कार्यहरु सम्पादन गरी त्यसको जानकारी केन्द्रमा दिने ।

(२) विभागलाई तोकिएको कार्य सम्पादन गर्न केन्द्रीय कार्यालयबाट आवश्यक व्यवस्थाहरु मिलाउनेछ ।

२४. **अन्य निकायमा शाखा सम्बन्धी व्यवस्थाः** (१) केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार अन्य निकाय वा कार्यदल वा अध्ययन टोली गठन गर्न सक्नेछ । त्यस्ता निकाय वा कार्यदल वा अध्ययन टोलीको काम, कर्तव्य र अधिकार केन्द्रीय कार्यसमितिले तोके बमोजिम हुनेछ ।

(२) जिल्ला कार्यसमितिले क्षेत्रीय कार्य समितिसंग समन्वय गरी आवश्यकता अनुसार इलाका कार्य समिति गठन गर्न सक्नेछ । सो इलाका समितिले पार्टीको निति तथा कार्यक्रमहरु लगायत विकास निर्माणमा सक्रीय सहभागिता जनाउनेछ ।

(३) जिल्ला कार्यसमितिका कार्यालयमा प्रमुख सहित १५ सदस्य रहेको देहायका शाखाहरु गठन हुनेछन् । शाखाको प्रमुख जिल्ला कार्यसमितिका सदस्य मध्येबाट हुनेछ र सदस्यहरू क्रियाशील सदस्य मध्येबाट हुनु पर्नेछ । हरेक शाखाले प्रत्येक ६ महिनामा

आफ्ना कार्यक्षेत्रका विषय माथि छलफल गरी आवश्यक कारवाहीका लागि जिल्ला कार्यसमिति समक्ष आफ्नो प्रतिवेदन पेश गर्नुपर्नेछ। तर विशेष अवस्थामा कुनै पनि शाखाले आफ्नो प्रतिवेदन जिल्ला कार्यसमिति समक्ष पेश गर्न र जिल्ला कार्यसमितिले पनि पेश गर्न लगाउन सक्नेछ।

(क) संगठन शाखाः जिल्लास्तरीय पार्टी संगठन सम्बन्धी काम हेर्नेछ। क्षेत्रीय, नगर/गाउँ कार्यसमितिहरुको क्रियाकलापको अनुगमन र मूल्यांकन गर्नेछ। गाउँ, नगर र क्षेत्रीय कार्यसमितिको गतिविधिका बारेमा व्यवस्थित जानकारी राख्नेछ। आफ्नो मातहतका नियकाहरुको अनुगमन गर्ने तथा विविध विषयमा अनुसन्धान गर्ने, गराउनेछ।त्यस सम्बन्धी प्रतिवेदन जिल्ला कार्यसमिति मार्फत संगठन विभागमा पठाउनेछ।

(ख) विकास शाखाः स्थानीय निकाय र ती निकायहरुमा निर्वाचित पार्टीका प्रतिनिधि र जिल्ला स्तरीय विकास सम्बन्धी सरकारी कार्यालयहरुसँग समन्वय गरी विकास सम्बन्धी कार्यमा सक्रिय हुनेछ, गराउनेछ।

(ग) कार्यक्रम, प्रशिक्षण तथा समन्वय शाखाः जिल्लास्तरीय पार्टी कार्यक्रम तयार गर्ने, भ्रातृसंस्था र शुभेच्छुक संस्थासँग समन्वय गर्नेछ। जिल्लामा विभिन्न पेशा र व्यवसायमा लागेका प्रतिभा एवं जनशक्तिलाई पार्टी कार्यक्रमसँग समन्वय गरी पार्टीका सवै स्तरका सदस्यहरुको प्रशिक्षण र परिचालन गर्ने, गराउनेछ।

(घ) अभिलेख शाखाः सदस्यहरुको दर्ता किताब अद्यावधिक राख्ने, मतदाता नामावली, अन्य अभिलेख आदिको व्यवस्था र संरक्षण गर्नेछ।

(ङ) प्रचार-प्रसार शाखाः प्रचार-प्रसारको काम गर्ने, सूचनाको आदान प्रदान गर्ने, पार्टीका विरुद्धमा लगाइएका आरोपहरुका सम्बन्धमा प्रष्ट पार्ने वा खण्डन आदि गर्नेछ।

(च) जिल्ला कार्यसमितिले आवश्यकता अनुसार विद्यार्थी, तरूण, महिला, श्रमिक तथा वुद्धिजीवी लगायतका शाखाहरू गठन गर्न सक्नेछ।

(४) क्षेत्रीय, गाउँ, नगर वा नगर वडा कार्यसमितिले पनि

नियम २४ को उपनियम (३) वमोजिम आवश्यकता अनुसार शाखा सञ्चालन गर्न सक्नेछन् ।

(५) हरेक तहका शाखाका प्रमुख कार्यसमितिका सदस्यहरुमध्येबाट हुनु पर्नेछ ।

२५. **दर्ता-चलानी सम्बन्धी व्यवस्था:** हरेक तहका कार्यालयहरुमा दर्ता-चलानी सम्बन्धी व्यवस्था मिलाइनेछ ।

२६. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) महामन्त्रीले केन्द्रीय विभाग तथा निकाय एवं तथा जिल्ला कार्यसमितिको अनुगमन गर्ने गराउने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) पार्टीको विभाग तथा निकायले आफ्नो कामसँग सम्बन्धित विषयमा जिल्ला, क्षेत्र र त्यस अन्तर्गतका शाखाहरुको नियमित रुपमा अनुगमन गरी आवश्यक निर्देशन दिनेछ ।

(३) जिल्ला कार्यसमितिका सभापतिले क्षेत्रीय कार्यसमिति तथा गाउँ, नगर, नगर वडा कार्यसमितिको काम कार्वाहीको अनुगमनको व्यवस्था मिलाउनुपर्नेछ । त्यस्तो अनुगमनको प्रतिवेदन जिल्ला कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

(४) केन्द्रीय सभापति वा महामन्त्रीले विभाग, निकाय तथा जिल्ला कार्यसमितिहरुको कार्य सम्पादन प्रभावकारी रुपमा भए नभएको हेर्न र त्यस सम्बन्धी थप व्यवस्था गर्ने गरी केन्द्रीय सदस्य वा अन्य व्यक्तिलाई तोकी सो बमोजिम अनुगमनको व्यवस्था मिलाउन सक्नेछ ।

(५) जिल्लास्तरको अनुगमनको कार्यमा महामन्त्रीलाई अनुगमन विभागले सहयोग पुऱ्याउनु पर्नेछ ।

# परिच्छेद-४

# केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था

२७. **केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको गठन:** (१) बिधानको धारा ३६ बमोजिम पार्टीको नीति निर्माणमा सहयोग पुऱ्याउन तथा पार्टीका सदस्यहरुलाई पार्टीको आदर्श, सिद्धान्त, नीति बोध गराउन एउटा केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान गठन गरिनेछ ।

(२) प्रतिष्ठानको प्रमुख केन्द्रीय उपसभापति रहने छन् ।

(३) केन्द्रीय सभापति संग परार्मश गरी प्रतिष्ठानका प्रमुखले केन्द्रीय सदस्य/पार्टीको उपयुक्त व्यक्तिलाई उपप्रमुखमा मनोनयन गर्नेछन् ।

(४) सभापतिसँग परामर्श गरी सम्बन्धित विषय क्षेत्रका ज्ञाता पार्टीका क्रियाशील सदस्यमध्ये **२५** जनालाई प्रमुखले सदस्यमा नियुक्त गर्नेछन् ।

(५) केन्द्रीय सभापति सँग परामर्श गरी प्रतिष्ठानका प्रमुखले सम्बन्धित विषय क्षेत्रका ज्ञाता क्रियाशील सदस्यलाई प्रतिष्ठानको कार्यकारी निर्देशकमा नियुक्त गर्नेछन् ।

(६) कार्यकारी निर्देशकको हेरफेर गर्नु परेमा सभापतिसंग परामर्श गरी प्रतिष्ठानका प्रमुखले गर्नेछ ।

(७) प्रतिष्ठानले शुचेच्छुक संस्थासँग समन्वय गरी सम्बन्धित विशेषज्ञहरुको राय लिई विभिन्न पेशा व्यवसायिक संगठनलाई विशेष जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

**२८.** **प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** (१) विभिन्न विषयक्षेत्रमा कार्यरत सृजनशील, बौद्धिक र व्यवसायिक जनशक्तिको सहयोग लिई प्रतिष्ठानले पार्टीको नीति निर्माणमा र नियमित प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) प्रतिष्ठानले नियमित रुपमा विषयगत विचार गोष्ठी, अन्तरसंवाद र परामर्श कार्यक्रम सञ्चालन गर्नेछ ।

(३) पार्टी सदस्य तथा विभिन्न तहका पार्टी पदाधिकारीहरुलाई लगि प्रतिष्ठानद्वारा निर्धारित कार्यक्रमअनुसार राजनीतिक सामाजिक, आर्थिक विषयमा प्रशिक्षित गराइनेछ ।

(४) प्रतिष्ठानले प्रमुख मार्फत ६/६ महिनामा आफ्नो प्रतिवेदन केन्द्रीय कार्यसमिति समक्ष प्रस्तुत गर्नेछ ।

(५) भातृ संस्था तथा शुभेच्छुक संस्थाका व्यक्तिहरुलाई संलग्न गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(६) राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक र विकास सम्बन्धी विविध विषयमा पार्टीले अख्तियार गर्नुपर्ने नीति निर्माण,

कार्ययोजना तर्जुमा गर्ने ।

(७) तर्जुमा भएका नीति पार्टीबाट स्वीकृत गराई पार्टीगत तहमा कार्यान्वयन गर्ने, गराउने ।

(८) पार्टीको नीति तथा कार्यक्रमको निर्माण गर्दा अनुसन्धान तथा मूल्याङ्कन विभागले निकालेको निष्कर्ष र प्रतिवेदनहरुलाई समेत प्रयोग गर्ने ।

# परिच्छेद-५

# काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

२९. **क्रियाशील सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(१) पार्टीको उद्देश्य, नीति र कार्यक्रम कार्यान्वयनमा सक्रिय रहने ।

(२) पार्टीबाट आयोजना गरिएका विभिन्न राजनीतिक, सामाजिक, विकास निर्माण सम्बन्धी कार्यक्रममा क्रियाशील रहने ।

(३) पार्टीको सिद्धान्त, नीति र कार्यक्रमलाई जनस्तरमा पुऱ्याउन लेख, रचना प्रकाशित गर्ने वा सार्वजनिक बहस र छलफलमा भाग लिने ।

(४) स्थानीय निकाय तथा संसद्को निर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउन पार्टीको निर्देशन बमोजिम क्रियाशील रहने ।

(५) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्दै पार्टीलाई सबल, सक्षम संगठन बनाउन निरन्तर क्रियाशील रहने ।

(६) पार्टीको विभिन्न तहले दिएको जिम्मेवारी बहन गर्ने ।

(७) आफूले पार्टीमा गरेका कार्यक्रमहरुको अभिलेख समेत राखी नवीकरणका लागि आवेदन गर्दा उल्लेख गर्नुपर्ने ।

(८) पार्टीको नीति, कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रत्यक्ष सहभागी हुनु प्रत्येक क्रियाशील सदस्यको कर्तव्य हुनेछ ।

(९) पार्टीको विधान, नीति, नियम तथा कार्यक्रमलाई जनस्तरमा पुऱ्याउने गरी सहयोग गर्नु प्रत्येक क्रियाशील सदस्यको

कर्तव्य हुनेछ ।

(१०) पार्टीले दिएको निर्देशन बमोजिम कार्य सम्पादन गर्नु प्रत्येक क्रियाशील सदस्यको कर्तव्य हुनेछ । त्यस्तो निर्देशन केन्द्रीय स्तर तथा जिल्ला स्तरबाट दिन सकिनेछ ।

(११) निर्वाचनमा सक्रिय रुपमा सहभागी भई पार्टीको पक्षमा प्रचार प्रसार गर्नु प्रत्येक क्रियाशील सदस्यको कर्तव्य रहनेछ ।

(१२) पार्टीको नीति र कार्यक्रमका सम्बन्धमा प्रत्येक क्रियाशील सदस्यलाई पार्टीको हितमा सवै तहका निकायमा आफ्नो लिखित भनाइ राख्ने अधिकार हुनेछ ।

(१३) पार्टीको विधान, नियम बमोजिम योग्यता पुगेका क्रियाशील सदस्यहरुले सम्बन्धित निकायको निर्वाचनमा तोकिए बमोजिम भाग लिने अधिकार हुनेछ ।

(१४) पार्टीको उद्देश्य, कार्यान्वयन गर्ने प्रत्येक क्रियाशील सदस्यको अभिलेख निजले योगदान पुऱ्याए अनुसार पार्टीको दर्ता किताबमा दर्ता रहे नरहेको हेर्ने अधिकार हुनेछ ।

(१५) क्रियाशील सदस्यले जिल्ला, क्षेत्र , गाउ, नगर, वडा कार्यसमितिले आयोजना गरेका कार्यक्रम हरु मध्ये कम्तिमा ५० पचाश प्रतिशत कार्यक्रमहरुमा अनिवार्य रुपमा भाग लिनुपर्ने छ ।

**३०. <u>गाउँ, नगर वा नगर वडा कार्यसमितिका सभापतिहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :</u>**

(१) कार्यसमिति तथा अधिवेशनको सभापतित्व गर्ने र आवश्यक परे निर्णायक मत दिनेछ ।

(२) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्दै पार्टीलाई प्रभावकारी र सक्षम संगठनका रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्नेछ ।

(३) कार्यसमिति तथा अधिवेशनले गरेका निर्णयहरु कार्यान्वयन गर्ने, गराउनेछ ।

(४) पार्टीको माथिल्लो निकायले समय समयमा दिएका निर्देशनको पालना गर्नेछ ।

(५) क्रियाशील सदस्यता प्राप्त गर्न तथा क्रियाशील सदस्यता नवीकरण गर्न प्राप्त निवेदन उपर कार्यसमितिको बैठकबाट छानविन गरी प्रस्ताव वा सिफारिसको प्रमाणित गरी तोकिएको म्यादभित्रै क्षेत्रीय कार्यसमितिमा पठाउनुपर्नेछ ।

(६) पार्टीले तत्काल गर्नुपर्ने अन्य सबै काम गर्नेछ र आगामी कार्यसमितिको बैठकबाट अनुमोदन गराउनेछ ।

(७) प्रत्येक नागरिकलाई पार्टीको साधारण सदस्यता लिन र साधारण सदस्यलाई क्रियाशील सदस्यता ग्रहण गर्न प्रोत्साहित गराउनेछ ।

(८) पार्टीबाट साधारण सदस्यता तथा क्रियाशील सदस्यता छोडेका व्यक्तिहरुको अभिलेख तयार गरी क्षेत्रीय कार्यसमिति र जिल्ला कार्यसमितिमा पठाउनेछ ।

(९) पार्टीको राजनीतिक गतिविधि तथा अवस्थाका बारेमा क्षेत्रीय कार्यसमिति र जिल्ला कार्य समितिलाई जानकारी गराउनेछ । आफ्नो क्षेत्रको सामाजिक कार्यहरुको सञ्चालन तथा कर्यान्वयनमा सक्रिय सहभागी हुनुपर्नेछ । साथै पार्टीलाई सामाजिक काममा सहभागी गराउनेछ ।

(१०) आफ्नो क्षेत्रको विकास, निर्माण तथा योजनाहरुको कार्यान्वयनमा सक्रिय रही त्यसको विवरण क्षेत्रीय कार्यसमिति र जिल्ला कार्यसमितिमा पठाउनेछ ।

(११) आ-आफ्नो क्षेत्रभित्रका पार्टीका साधारण सदस्य तथा क्रियाशील सदस्यहरुले पार्टीको विधान तथा नियमअनुसार कार्य गरेको नगरेको अभिलेख राखी त्यससम्बन्धी विवरण क्षेत्रीय कार्यसमिति र जिल्ला कार्यसमितिमा पठाउनेछ ।

(१२) मतदाता नामावली तथा परिचयपत्र बनाउन समितिका सदस्य तथा क्रियाशील सदस्यहरुलाई सक्रिय गराउनुपर्नेछ।

(१३) गाउ/नगर वडा कार्यसमितिको आयोजनामा वर्षमा कम्तीमा चारवटा कार्यक्रमहरु गर्नु पर्नेछ ।

(१४) गाउँ सभापतिले गाउँ विकास समितिको बैठक वा संयन्त्रमा गाउँ कार्यसमितिका पदाधिकारी वा सदस्यहरुमध्येबाट प्रतिनिधि तोकी पठाउने वा हेरफेर गर्ने । त्यस्तै गरेर गाउँ स्तरीय सरकारी वा गैर सरकारी निकाय वा सर्वदलीय बैठकमा प्रतिनिधि पठाउने । गाउँ कार्यसमितिको

कार्यालयमा गठन हुने शाखाका प्रमुखहरुको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(१५) नगर सभापतिले नगरपालिकाको बैठक वा संयन्त्रमा नगर कार्यसमितिका पदाधिकारी वा सदस्यहरुमध्येबाट प्रतिनिधि तोकी पठाउने वा हेरफेर गर्ने । त्यस्तै गरेर नगर स्तरीय सरकारी वा गैर सरकारी निकाय वा सर्वदलीय बैठकमा प्रतिनिधि पठाउने । नगर कार्यसमितिको कार्यालयमा गठन हुने शाखाका प्रमुखहरुको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(१६) जिल्ला तथा क्षेत्रिय कार्य समितिको निर्णय निर्देशन पालना गर्ने र तोकेको कार्य सम्पादन गर्ने गराउने छ ।

**३१. <u>क्षेत्रीय कार्यसमितिका सभापतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः</u>**

(१) विधान, नियमले तोकेको कार्य सम्पादन गर्ने क्षेत्रीय कार्यसमितिको सभापतिको कर्तव्य हुनेछ ।

(२) क्षेत्रीय कार्यसमितिको बैठकको अध्यक्षता गर्ने छ ।

(३) केन्द्रीय कार्यसमिति र जिल्ला कार्य समितिले तोकेको कार्य सम्पादन गर्ने, गराउने छ ।

(४) पार्टीको संगठनात्मक अवस्थाका बारेमा जिल्ला कार्य समितिमा कम्तीमा वर्षको दुइ पटक प्रतिवेदन पेश गर्ने छ ।

(५) पार्टीका नयाँ सदस्य तथा पार्टी परित्याग गर्ने व्यक्तिहरुका अभिलेख तयार गरी जिल्ला कार्यसमितिमा पठाउने छ ।

(६) क्षेत्रीय कार्यसमितिको बैठकमा निर्णायक मत प्रदान गर्नुपर्ने भएमा मत प्रदान गर्ने छ ।

(७) क्षेत्रीय कार्यसमितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने छ ।

(८) क्षेत्रीय कार्यसमितिको आयोजनामा वर्षमा कम्तीमा चार वटा कार्यक्रमहरु गर्नु पर्नेछ ।

(९) जिल्ला कार्य समिति को निर्णय निर्देशन पालना गर्ने तथा जिल्लाले तोकेको कार्य सम्पादन गर्ने गराउने ।

(१०) क्षेत्रीय स्तरीय सरकारी वा गैर सरकारी निकाय वा सर्वदलीय बैठकमा प्रतिनिधि पठाउने। क्षेत्रीय कार्यसमितिको कार्यालयमा गठन हुने शाखाका प्रमुखहरुको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

३२. **<u>जिल्ला कार्यसमितिको सभापतिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः</u>**

(१) विधान, नियमले तोकेको कार्य तथा केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिमको कार्यहरु सम्पादन गर्ने गराउने छ ।

(२) जिल्ला अधिवेशन, जिल्ला सम्मेलन, जिल्ला कार्यसमितिको बैठकको अध्यक्षता गर्ने, तथा जिल्लामा पार्टीलाई नेतृत्व प्रदान गर्नेछ ।

(३) बैठकमा निर्णायक मत प्रदान गर्नु परेमा निर्णायक मत प्रदान गर्नेछ ।

(४) केन्द्रले तोकेका कार्य सम्पादान गर्ने, गराउनेछ ।

(५) पार्टीको संगठनात्मक अवस्थाका सम्बन्धमा केन्द्रमा कम्तीमा वर्षको दुइ पटक प्रतिवेदन पेश गर्नेछ ।

(६) जिल्लामा पार्टीका नयाँ सदस्य तथा पार्टी परित्याग गरेका व्यक्तिहरुका अभिलेख तयार गरी केन्द्रमा पठाउने छ ।

(७) मतदाता नामावली तथा परिचयपत्रमा पार्टीका सबै सदस्यलाई क्रियाशील गराउने तथा त्यस सम्बन्धी अनुगमन गरी आवश्यक निर्देशन सम्बन्धित गाउँ, नगर वडा, नगर तथा क्षेत्रीय कार्यसमितिलाई दिनेछ ।

(८) जिल्ला कार्यसमितिले निर्णय गरी प्रदान गरेको कार्यहरु गर्ने, गराउने छ ।

(९) जिल्ला कार्यसमितिको आयोजनामा वर्षमा कम्तीमा चारवटा कार्यक्रमहरु गर्नु पर्नेछ ।

(१०) जिल्ला कार्यसमितिको कार्यालयमा गठन हुने शाखाका प्रमुख तथा सदस्यहरुको नियुक्ती, मनोनयन वा हेरफेर गर्नेछ ।

(११) जिल्ला सभापतिले जिल्ला विकास समितिको बैठक वा संयन्त्रमा जिल्ला कार्यसमितिका पदाधिकारी वा सदस्यहरुमध्येबाट प्रतिनिधि तोकी पठाउने वा हेरफेर

गर्ने । त्यस्तै गरेर जिल्ला स्तरीय सरकारी वा गैर सरकारी निकाय वा सर्वदलीय बैठकमा प्रतिनिधि पठाउने ।

(१२) जिल्लाले क्षेत्र, गाउँ, नगर वडा कार्यसमितिसँग समय समयमा समन्वय गर्ने गराउनु पर्नेछ ।

**३३. जिल्ला कार्यसमितिको सचिवको काम, कर्तब्य र अधिकार देहायबमोजिमको हुनेछ :**

(१) जिल्ला कार्य समिति, जिल्ला कार्य सम्पादन समिति र अन्य जिल्ला समिति हरुको निर्णय कार्यन्वयन गर्ने गराउने ।

(२) पार्टीको जिल्ला कार्यालय रेखदेख र संचालन गर्ने ।

(३) दैनिक कार्य संचालन का लागी सभापतिलाइ सहयोग पुराउने र महत्वपुर्ण विषयमा सभापतिलाइ जानकारी गराउने ।

(४) जिल्ला कार्य समितिमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(५) जिल्ला कार्य समिति र जिल्ला कार्य सम्पादन समितिको निर्णय प्रंमाणित गर्ने ।

(६) सभापतिले गरेको कार्य विभाजन अनुसार सम्वन्धित सचिवले तत्परताका साथ काम गर्ने ।

**३४. जिल्ला कार्यसमितिको कोषाध्यक्षको काम, कर्तब्य र अधिकार देहायबमोजिमको हुनेछ :**

(१) जिल्ला कार्य समितिलाइ प्राप्त हुने सम्पुर्ण कोष को अभिलेख राख्ने ।

(२) पार्टीका निम्ती प्राप्त हुने सदस्यता शुल्क, मासिक सहयोग रकम र अन्य सुभेच्छुक र समर्थक बाट प्राप्त हुने रकम संकलन गर्ने ।

(३) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन जिल्ला कार्य समिति मार्फत जिल्ला अधिबेशनमा प्रस्तुत गर्ने ।

(४) पार्टीको आर्थिक प्रतिवेदन लेखा परीक्षण गराई पेश गर्ने ।

**३५. कार्यसम्पादन समितिहरू**

जिल्ला, क्षेत्र, गाउँ, नगर, वडा र मतदानकेन्द्र कार्यसम्पादन

समितिहरु गठन गर्दा सम्बन्धित तहको सभापतिले कार्यसमितिका सदस्यहरुमध्येबाट कार्यसम्पादन समितिका सदस्यका लागि कार्यसमितिको बैठकमा प्रस्ताव गर्नु पर्नेछ र कार्यसमितिले अनुमोदन गर्नु पर्नेछ ।

**३६.** **<u>केन्द्रीय सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः</u>**

(१) केन्द्र र जिल्लासँग समन्वय राखी केन्द्रीय सदस्यले प्रत्येक वर्ष कम्तीमा १० वटा जिल्ला भ्रमण गरी पार्टीको संगठन तथा अवस्थाका सम्बन्धमा पार्टीलाई भ्रमण प्रतिवेदन बुझाउनु पर्नेछ ।

(२) पार्टीले खटाएको ठाउँमा जिम्मेवारी अनुसार पार्टीको प्रतिनिधित्व गर्नुपर्नेछ ।

(३) पार्टीको सिद्धान्त, नीति र कार्यक्रम सम्बन्धमा लिखित मौखिक वा अन्य कुनै प्रकारले व्याख्या गर्नुपर्नेछ ।

# परिच्छेद-६

## भ्रातृ संस्था तथा शुभेच्छुक संस्थासम्बन्धी व्यवस्था

**३७.** **<u>भ्रातृसंस्था सम्बन्धी व्यवस्थाः</u>** पार्टीबाट मान्यता प्राप्त भ्रातृसंस्थासम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ–

(१) कुनै पनि भ्रातृसंस्थाले आफ्नो विधान पार्टीको केन्द्रीय कार्यसमितिबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) भ्रातृसंस्थालाई मान्यता दिंदा केन्द्रीय कार्यसमितिले मान्यता सम्बन्धी मान्यतापत्र दिनुपर्नेछ ।

(३) प्रत्येक भ्रातृसंस्थाले नेपाली कांग्रेसले निर्धारण गरेको स्थानीय र केन्द्रीय कार्यक्रमहरुमा आफ्नो पहिचान जनाउने व्यानर र झण्डा सहित अनिवार्य रुपमा सहभागि हुनुपर्नेछ ।

(४) आ-आफ्नो संस्थाका साधारण सदस्यहरुको कूल संख्या र क्रियाशील सदस्य तथा सम्पूर्ण निकायका पदाधिकारीहरुको नामावली तहगत पार्टी निकायमा पठाउनुपर्नेछ ।

(५) भ्रातृस्थाले प्रत्येक तीन वर्षमा आ-आफ्नो संस्थाको केन्द्रीय

अधिवेशन र प्रत्येक वर्ष जिल्ला सम्मेलन गर्नुपर्नेछ। त्यस्तो अधिवेशनमा पार्टीले पर्यवेक्षक पठाउनेछ ।

(६) भ्रातृसंस्थाले आ-आफ्नो विधानमा उल्लेखित विधि र प्रक्रिया अनुसार सबै तहको निर्वाचन गर्नुपर्नेछ र त्यस्तो निर्वाचनमा पार्टीले तहगत सम्वन्धित तहवाट पर्यवेक्षक पठाउनेछ ।

(७) वार्षिक रुपमा मान्यताप्राप्त लेखापरीक्षकबाट लेखा परीक्षण गराई त्यसको प्रतिवेदन पार्टीमा समेत दिनुपर्नेछ ।

(८) नेपाली कांग्रेस पार्टीको भ्रातृसंस्थाको विधानमा सो भ्रातृसंस्थाको केन्द्रीय कार्यसमिति र जिल्लाकार्य समितिको अध्यक्ष वा सभापतिले लगातार दुई पटकभन्दा बढी निर्वाचित हुन नसक्ने व्यवस्था हुनुपर्नेछ । नेपाली कांग्रेस पार्टीको भ्रातृ संस्थाका रुपमा रहेका संस्थाहरुको हाल कायम रहेको विधानमा उल्लेखित व्यवस्था नभएको भए यस सम्बन्धी व्यवस्था, यो नियमावली जारी भएपछि हुने सम्बन्धित भ्रातृसंस्थाको अधिवेशनले त्यस्तो व्यवस्था थप गराउनु पर्नेछ ।

(९) पार्टीको भ्रातृसंस्थाले पार्टीको उद्देश्य, नीति र केन्द्रीय कार्यसमितिको निर्देशनको पालना गर्नुपर्नेछ । पार्टीको उद्देश्य, नीति र केन्द्रीय कार्यसमितिको निर्देशन पालना नगरेको प्रमाणित भएमा केन्द्रिय कार्यसमितिले आवश्यक बैधानिक प्रकृया पुरा गरि त्यस्ता भ्रातृसंस्थालाई विघटन गरी तदर्थ समिति गठन गर्न सक्नेछ र त्यस्तो तदर्थ समितिलाई विशेष जिम्मेवारी तोकी छ महिना भित्र अधिवेशन सम्पन्न गर्नु पर्नेछ ।

**३८. शुभेच्छुक संस्था सम्बन्धी व्यवस्थाः**

(१) पार्टीका शुभेच्छुक संस्थाहरुलाई पार्टीले आफ्नो अभिलेख राखी समय समयमा सहयोगको माग गर्नेछ । शुभेच्छुक संस्थाहरुले पार्टीले माग गरे अनुसारको सहयोग गरे, नगरेको आधारमा पार्टीको शुभेच्छुक संस्थाका अभिलेखबाट हटाउने वा नहटाउने निर्णय पार्टीले गर्न सक्नेछ ।

(२) नेपाली काँग्रेसका प्रत्येक सदस्यहरुले पालना

गर्नुपर्ने आचारसंहिता पार्टीका शुभेच्छुक संस्थाहरुमा रहेका व्यक्तिहरुलाई समेत लागु हुनेछ ।

(३) पार्टीको तर्फबाट शुभेच्छुक संस्थाका सदस्यलाई नियुक्ति वा मनोनयन गर्दा त्यस्ता सदस्यले शुभेच्छुक संस्थाको विधान वा नियमावली बमोजिम सदस्यता नवीकरण गरे नगरेको तथा सहयोग शुल्क बुझाए नबुझाएको विवरण लिई मात्र गर्नेछ ।

(४) पार्टीका शुभेच्छुक संस्थाका सदस्यले आफु आवद्ध रहेको संस्थाले तोके बमोजिमको शुल्क वा संस्थालाई बुझाउनु पर्ने संस्थागत रुपमा सहयोग रकम (लेवी) नबुझाएको वा सम्बन्धीत संस्थाको अनुशासन पालना नगरेको भनि पार्टीमा लेखि आएमा पार्टीले त्यस्ताव्यक्तिलाई पार्टीको महत्वपूर्ण जिम्मेवारी दिने छैन ।

(५) शुभेच्छुक संस्थाका सदस्यले आफु आवद्ध रहेको संस्थालाई बुझाउनु पर्ने सबै प्रकारको शुल्क वा रकम नबुझाएको अवस्थामा पार्टीले त्यस्ता सदस्यको क्रियाशील सदस्यता नवीकरण गर्नेछैन ।

(६) शुभेच्छुक संस्थाका सदस्यलाइ शुभेच्छुक संस्थाबाट कारवाही गरी सदस्यताबाट हटाएको अवस्थामा त्यस्ता व्यक्तिको क्रियाशील सदस्यता नवीकरण पार्टीले गर्नेछैन ।

# परिच्छेद-७

## केन्द्रीय निर्वाचन सम्बन्धी व्यवस्था

३९. **केन्द्रीय निर्वाचन समिति:** (१) विधानको धारा ३५ बमोजिम पार्टीका सबै तहका निकाय र पदाधिकारीहरुको निर्वाचनका लागि एक संयोजक र दुई सदस्य सदस्य भएको केन्द्रीय निर्वाचन समितिको गठन हुनेछ ।

(२) केन्द्रीय सभापतिले केन्द्रीय निर्वाचन समितिका लागि एक संयोजक र दुई सदस्यको लागि नाम केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत गर्नेछ र केन्द्रीय कार्यसमितिबाट अनुमोदन हुनु पर्नेछ ।

(३) निर्वाचन समितिले पार्टीको बिधान बमोजिम सबै तहको निर्वाचन सम्पन्न गर्नेछ । पार्टीको सबै तहको निर्वाचन सम्पन्न गर्न निर्वाचन समितिले पार्टीको निकाय तथा शुभेच्छुक संस्थाहरुबाट आवश्यक सहयोग लिन सक्नेछ ।

(४) केन्द्रीय निर्वाचन समितिले केन्द्रीय कार्यसमितिबाट स्वीकृत गराई निर्वाचन निर्देशिका बनाई लागु गर्नेछ, सो निर्देशिका नियमावली सरह लागु हुनेछ । साथै निर्वाचन निर्देशिकाको पालना गर्न नेपाली कांग्रेसको सबै सदस्यको कर्तव्य हुनेछ ।

(५) निर्वाचन प्रयोजनका निमित्त केन्द्रीय निर्वाचन समितिलाई सहयोग गर्नु पार्टीका सबै निकाय, भातृसंस्था वा शुभेच्छुक संस्थाहरुको कर्तव्य हुनेछ ।

(६) निर्वाचनको क्रममा निर्वाचन निर्देशिका उल्लंघन गरेमा केन्द्रीय निर्वाचन समितिले अनुशासन समितिले गर्ने कार्वाही तथा सजायँ गर्न सक्नेछ ।

# परिच्छेद-८

# आचार संहिता

४०. **आचार संहिता:** पार्टीका सबै तहका सदस्यहरुका आचरण र व्यवहारलाई स्वच्छ र मर्यादित बनाई राख्न तथा पार्टीको छविलाई निरन्तर रुपमा लोकप्रिय र विश्वसनीय बनाई राख्न पार्टीका प्रत्येक सदस्यले देहायबमोजिम आचार संहिताको पालना गर्नुपर्नेछ–

**(१) नेपाली कांग्रेसका प्रत्येक सदस्यले-**

(क) नेपालका जिम्मेवार नागरिकका रुपमा रहनुपर्दछ ।

(ख) नेपाली कांग्रेसको विधान र यस अन्तर्गत बनेका नियमावली तथा निर्देशिकाको पालना गर्नुपर्दछ ।

(ग) पार्टी विधान अन्तर्गत अधिकार प्राप्त निकाय वा अधिकारीले गरेको निर्णय वा निर्देशनको पालना गर्नुपर्दछ ।

तर यस व्यवस्थाले पार्टीको सिद्धान्त, नीति, निर्णय र कार्यशैलीलाई परिमार्जित गर्ने सद्नियतबाट तथा पार्टीलाई हरतरहबाट सुदृढ गर्ने मनसायले विचार व्यक्त गर्न वाधा पारेको मानिने छैन ।

(घ) आफ्नो जिम्मेवारीमा रहेका पार्टीको गोपनीय विषय र सामग्रीलाई पूर्ण संरक्षण गर्नुपर्दछ ।

(२) **नेपाली कांग्रेसका प्रत्येक सदस्यले-**

(क) सार्वजनिक वा सरकारी वा पार्टीको चल अचल समेतका कुनै पनि सम्पत्ति दुरुपयोग गर्नु हुँदैन ।

(ख) पदीय प्रभावको आधारमा निजी लाभ प्राप्त गर्ने र गराउन लगाउने खालको काम गर्न हुँदैन ।

(ग) पार्टीबाट अधिकार प्राप्त निकाय वा अधिकारीको स्वीकृति प्राप्त नगरी पार्टीका निम्ति सहयोग लिनु वा ग्रहण गर्नु हुँदैन ।

(घ) सार्वजनिक पद ग्रहण गर्ने व्यक्ति वा अधिकारीलाई कानून विपरीतको काम गर्न र गराउन दवाव दिन हुँदैन ।

(ङ) पार्टीको प्रतिष्ठालाई हानि पुग्ने गरी सार्वजनिक स्थलमा पार्टीको आन्तरिक विवादको विषयलाई अमर्यादित चर्चाको विषय बनाउनु हुँदैन ।

(च) नागरिकको मर्यादा अनुकुल आचरण पालना गर्नु भातृ तथा शुभेच्छुक संस्थाका सदस्यहरु समेतको कर्तव्य हुनेछ ।

(३) **नेपाली कांग्रेसका प्रत्येक सदस्यले-**

(क) लाभको पदमा रहँदा आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण पार्टी कार्यालयमा पेश गर्नुपर्नेछ र वर्षेनी त्यसलाई अद्यावधिक गर्नुपर्नेछ । परिवार भन्नाले, आफू र आफ्नो अंश नछुट्टाइएको सगोलको पति वा पत्नी, छोरा, अविवाहित छोरी, तथा सगोलका बाबु-आमा, दाजु-भाइहरु र अविवाहित दिदी-बहिनीहरुलाई सम्भनुपर्दछ ।

(ख) आफ्नो सम्पत्तिको स्रोत खुलाई पार्टीको आचारसंहिता तथा अनुशासन समितिलाई जानकारी गराउनुपर्नेछ ।

(ग) नियम-कानून विपरीत एवं अनुचित ढङ्गले आर्थिक लाभ प्राप्त गर्नुहुँदैन ।

(घ) चाड-पर्व, विवाह, व्रतबन्ध जस्ता सामाजिक व्यवहार निर्वाह गर्दा तडक भडक एवं फजुल खर्च गर्नु हुँदैन र त्यस्ता कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

(ङ) कसैको कुनै कार्यमा सहयोग पुऱ्याइ दिए वापत आर्थिक लाभ लिनुहुँदैन ।

(च) कसैको पनि चरित्र हत्या हुने र मर्यादा भङ्ग हुने अभिव्यक्ति प्रकट गर्नुहुँदैन ।

**(४) नेपाली कांग्रेसका प्रत्येक सदस्यले पार्टीले भाग लिएको निर्वाचनमा देहायबमोजिमको कर्तव्य पालना गर्नुपर्दछ-**

(क) पार्टीले आधिकारिक रुपमा खडा गरेको उम्मेदवार बाहेक अन्य पार्टी वा व्यक्तिलाई लाभ तथा आफ्नो पार्टीलाई हानि हुने गरी कुनै पनि किसिमको क्रियाकलाप गर्नुहुँदैन ।

(ख) पार्टी र पार्टीको आधिकारिक उम्मेदवारको सफलताका लागि दत्तचित्त भई आ-आफ्नो क्षेत्रबाट प्रयत्नशील हुनुपर्दछ ।

**(५) नेपाली कांग्रेसका प्रत्येक सदस्यले-**

(क) पार्टीले सुम्पेको काम इमानदारीपूर्वक गर्नुपर्दछ । पार्टीले विशेष काम वा जिम्मेवारी नसुम्पेको अवस्थामा पनि पार्टीको आदर्श, सिद्धान्त, नीतिलाई टेवा पुग्ने काम आ-आफ्नो क्षमता र हैसियत अनुसार गर्दै जानुपर्छ ।

(ख) पार्टी वा पार्टीका तर्फबाट कुनै पनि निकायमा कार्यरत पार्टीका पदाधिकारी वा सदस्यले आफूलाई सुम्पेको जिम्मेवारी निष्पक्षतापूर्वक सम्पन्न गर्नुपर्दछ ।

(ग) पार्टीको सिद्धान्त, नीति, कार्यक्रम र स्थानीय आवश्यकता अनुकूल हुने गरी स्थानीय तहका निर्वाचित निकायहरुलाई सहयोग गर्नुपर्दछ ।

(घ) पार्टीका विरुद्ध लगाइने झूटा आरोपहरुका विरुद्ध सार्वजनिक रुपमा शान्तिपूर्ण एवं प्रभावकारी ढङ्गले प्रतिवाद गर्नुपर्दछ ।

(ङ) पार्टीद्वारा आयोजित कार्यक्रममा सक्रिय रुपमा सहभागी हुनुपर्दछ ।

(च) आ-आफ्नो जिल्ला, नगर वा गाउँ र वडामा सामाजिक चेतना र जागरण बढाउनुपर्छ तथा सेवामूलक कार्यक्रमहरुमा सक्रियताका साथ सहभागी बन्नुपर्दछ ।

(छ) पर्यावरणको सुरक्षा, वृक्षरोपण तथा धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहनुपर्दछ ।

(ज) महिला, बालबालिका, किसान र मजदूर, अपाङ्ग एवं आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका वर्गहरुको हक हितको संरक्षणमा निरन्तर क्रियाशील रहनुपर्दछ ।

(झ) स्थानीय निकायको कुनै पनि पदमा निर्वाचित पार्टी सदस्यले पार्टीको नीति र कार्यक्रम अनुसार आचरण र व्यवहार गर्नुपर्दछ । साथै आफू संलग्न भएको स्थानीय निकायको गतिविधिका बारेमा समकक्षी पार्टी निकायलाई जानकारी गराउनुपर्दछ ।

(ञ) समय समयमा पार्टीद्वारा निर्धारित सहयोग शुल्क नियमित रुपमा सम्बन्धित पार्टी निकायमा बुझाउनुपर्दछ ।

(ट) सामाजिक विभेद र जातीय सदभावमा खलल पुऱ्याउने कार्यका विरुद्ध निरन्तर जागरुक रहनु पर्नेछ ।

(ठ) जातीय भेदभाव, छुवाछूत र सामाजिक कुरिती जस्ता विकृति हटाउन निरन्तर क्रियाशील रहनु पर्नेछ ।

**(६) <u>नेपाली कांग्रेसका सदस्यले आचारसंहिता उल्लङ्घन गरेमा-</u>**

(क) लाभको पदमा रहेका वा पार्टीको कुनै पनि निकायका सदस्यले आचार संहिताको उल्लघंन गरेमा नेपाली कांग्रेसका कुनै पनि सदस्यले आवश्यक प्रमाण र विवरण सहित केन्द्रीय

अनुशासन समितिमा उजुरी गर्न सक्ने छ ।

(ख) आचार संहिताको उल्लघंन सम्बन्धी उजुरी वा आरोपको गम्भीरता हेरी, आवश्यक छानविनको लागि केन्द्रीय अनुशासन समितिले एक छुट्टै छानविन समिति गठन गर्न सक्नेछ । जसको प्रतिवेदनका आधारमा अनुशासन समितिले निर्णय गर्नेछ ।

(ग) छानविनको आधारमा आचार संहिता उल्लघंन भएको ठहरिन गएको खण्डमा उल्लघंन गर्ने सदस्यलाई अनुशासन समितिले नियम ४४ बमोजिम सजायँ गर्न सक्नेछ ।

# परिच्छेद-९
## अनुशासन सम्बन्धी व्यवस्था

**४१. अनुशासन उल्लंघनमा कार्वाही हुनेः**

(१) नेपाली कांग्रेसका सदस्यले पार्टीको उम्मेदवारको विरुद्ध उम्मेदवार भएमा वा त्यस्ता उम्मेदवारको समर्थन वा प्रस्ताव गरेमा निजले अनुशासन उल्लंघन गरेको मानिने छ । साथै त्यस्ता अनुशासन उल्लंघन गर्ने व्यक्तिको क्रियाशील सदस्यता पाँच वर्षको लागि स्वतः समाप्त हुनेछ ।

(२) नेपाली कांग्रेसका सदस्यलाई देहायबमोजिमको अवस्थामा अनुशासनको कार्वाही गरी सजाय गर्न सक्नेछ ।

(क) पार्टीको निर्देशनको पालना नगरेमा ।

(ख) पार्टीको आचार संहिता उल्लघंन गरेमा ।

(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतवाट दोषी प्रमाणित भएमा ।

(घ) नेपाली कांग्रेस पार्टीलाई प्रत्यक्ष वा अप्रत्यक्ष हानी नोक्सानी पुऱ्याएमा ।

(ङ) पटक पटक अनुशासनको उल्लघंन गरेमा ।

(च) पटक पटक सचेत गराउँदा पनि नसुध्रेमा ।

(छ) पार्टीको उम्मेदवारको विरुद्ध **प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विरोध वा** प्रचार-प्रसार गरेमा ।

(ज) कसैको पनि चरित्र हत्या हुने, मर्यादा भंग हुने, साम्प्रदायिक सदभाव विथोल्ने, सम्मानमा चोट पुग्ने र वितृष्णा फैलने खालको अभिव्यक्ति प्रकट गरेमा ।

(झ) नियम कानून विपरित एवं अनुचित ढंगले आर्थिक लाभ प्राप्त गरेमा ।

४२. **अनुशासन पालना नभए उजुरी दिन सकिने:** (१) नेपाली कांग्रेसको विधान र यस नियमावलीको उल्लघंन कुनै सदस्यले गरेको भन्ने सूचना कुनै सदस्यले दिएमा वा अन्य कुनै स्रोतबाट जानकारी हुन आएमा देहायबमोजिमको पार्टी निकाय वा सदस्यले कारण र आधार खोली त्यस्ता सदस्य उपर कार्वाहीको लागि केन्द्रीय अनुशासन समिति समक्ष आवश्यक विवरण सहित सिफारिश गरी पठाउन सक्नेछ ।

(क) गाउँ, नगर वा नगर वडा कार्यसमिति,

(ख) क्षेत्रीय कार्यसमिति,

(ग) जिल्ला कार्यसमिति,

(घ) संसदीय दल (सांसदहरुबाट संसदभित्र भएका गतिविधिका लागि)

(ङ) पार्टीको कुनै पदाधिकारी वा सदस्य ।

(२) यस नियमावलीमा अन्यत्र जेसुकै लेखिएको भएतापनि कुनै स्रोतबाट सोझै केन्द्रीय अनुशासन समिति समक्ष पार्टीका सदस्यले आचार संहिता तथा अनुशासनको उल्लङ्घन गरेको जानकारी हुन आएमा समिति स्वयंले कारवाही अगाडि बढाउन सक्नेछ ।

(३) केन्द्रीय अनुशासन समितिले विधान र नियमावलीको अधीनमा रही तीन महिनाभित्र उजुरी उपर छानविन गरी निर्णय गर्नेछ ।

(४) कुनै पनि सदस्यलाई कारवाही गर्नुअघि केन्द्रीय अनुशासन समितिले देहायबमोजिमको प्रक्रिया अपनाउनेछ–

(क) स्पष्टीकरण माग्ने ।

(ख) आवश्यक देखिएमा छानविनका लागि सम्बन्धित व्यक्तिलाई झिकाउन वा स्थलगत जाँजबुझाकालागि आधिकारिक प्रतिनिधि खटाउने ।

(५) उपनियम (४) अनुसार कारवाही गर्दा सफाइको उचित मौका दिनुपर्नेछ ।

(६) केन्द्रीय अनुशासन समितिले आवश्यक देखेमा जसका उपर उजुर परेको छ त्यस्ता सदस्यलाई निर्णय नभएसम्मकालागि निलम्बन गरी कारवाही चलाउन सक्नेछ ।

(७) केन्द्रीय अनुशासन समितिले आफ्नो अधिकार जिल्ला अनुशासन समितिलाई प्रत्यायोजन गरी केन्द्रीय अनुशासन समितिको कुनै काम सम्पादन गर्न गराउन सक्नेछ ।

(८) यस नियमावलीमा अन्यत्र जेसुकै लेखिएको भएतापनि पार्टीले भाग लिएको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार भएको व्यक्तिको विरुद्ध प्रचार प्रसार गरेमा वा पार्टीको उम्मेदवारको विरुद्ध उम्मेदवार भएको वा अन्य कुनै उम्मेदवारको प्रस्तावक समर्थक भएमा वा प्रसार प्रसारमा सरिक भएको व्यक्तिलाई क्षेत्रीय समितिको सिफारिसमा जिल्ला कार्यसमितिले तत्काल निलम्बन गर्न सक्नेछ । तर यस नियम बमोजिमको अधिकारको प्रयोग क्षेत्रीय समिति तथा जिल्ला कार्यसमितिले सम्बन्धित निर्वाचन सम्पन्न भएपछि प्रयोग गर्न पाउने छैन ।

(९) अनशासन समितिको निर्णयमा चित्त नबुझने सदस्य वा पदाधिकारी ले सुचना पाएको मिति ले ३५ दिन भित्र केन्द्रिय कार्य समितिमा पुनरावेदन दिन सक्नेछ र केन्द्रिय कार्य समितिको निर्णय अन्तिम हुनेछ ।

४३. **जिल्ला अनुशासन समिति तथा जिल्ला लेखा परिक्षण समितिः** (१) जिल्ला अनुशासन समितिको गठन र काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ–

(क) जिल्ला अनुशासन समितिका लागि एक जना संयोजक र दुई जना सदस्यहरुका लागि

जिल्ला सभापतिले जिल्ला कार्यसमितिका सदस्यहरुमध्येबाट जिल्ला कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ र बैठकबाट अनुमोदन हुनु पर्नेछ ।

(ख) कुनै सदस्यले नेपाली कांग्रेसको विधान र यस नियमावलीको उल्लघंन गरेको भनी उजुरी परेमा वा जानकारी प्राप्त भएमा जिल्ला अनुशासन समितिले तोके बमोजिम प्रारम्भिक कार्वाही गर्न सक्नेछ ।

(ग) जिल्ला अनुशासन समितिमा देहायका पदाधिकारी तथा सदस्यले उजुर गर्न सक्नेछन्-

(अ) क्रियाशील सदस्य,

(आ) गाउँ वडा कार्यसमिति,

(इ) नगर वडा वा नगर वा गाउँ कार्यसमिति,

(ई) इलाका समिति,

(उ) क्षेत्रीय कार्यसमिति ।

(घ) जिल्ला अनुशासन समितिले आफू समक्ष पर्न आएका उजुरी र अन्य कुनै स्रोतबाट सोझै जानकारी हुन आएका आचार संहिता र अनुशासन उल्लङ्घनका सम्बन्धमा छानविन गरी आफ्नो निर्णय सहित केन्द्रीय अनुशासन समिति समक्ष लेखी पठाउनेछ ।

(ङ) जिल्ला अनुशासन समितिले छानविन र निर्णय गर्दा सम्बन्धित व्यक्तिलाई सुनवाईको मौका दिनुपर्नेछ ।

(च) केन्द्रीय अनुशासन समितिले प्रत्यायोजन गरेको काम, कर्तव्य र अधिकार बमोजिम जिल्ला अनुशासन समितिले अन्य आवश्यक कारवाही गर्न सक्नेछ ।

(२) यो नियमावलीमा अन्यत्र जेसुकै लेखिएको भएतापनि जिल्ला अनुशासन समितिले सुनुवाइको मौका दिई सकेमा सदस्यलाई केन्द्रीय अनुशासन समितिले पुनः सुनुवाईको मौका दिइरहनु पर्ने छैन ।

(३) विधान, नियमावली तथा केन्द्रीय अनुशासन समितिले निर्धारण गरेको प्रक्रियासँग नबाझिने गरी जिल्ला अनुशासन समितिले अन्य प्रक्रिया आफै निर्धारण गर्न सक्नेछ ।

**(४) जिल्ला लेखा परिक्षण समिति**

जिल्ला लेखा परिक्षण समितिका लागि एक जना संयोजक र दुई जना सदस्यहरुका लागि जिल्ला सभापतिले जिल्ला कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ र र बैठकबाट अनुमोदन हुनु पर्नेछ ।

४४. **सजायँ सम्बन्धी व्यवस्थाः** (१) कारवाहीमा परेका सदस्यहरुमध्ये स्पष्टीकरण नै नदिने वा तोकिएको अवधिभित्र स्पष्टीकरण दिए पनि सन्तोषजनक रुपमा स्पष्टीकरण नदिने सदस्यलाई कसूरको मात्रा र गम्भीरतालाई दृष्टिगत गरी केन्द्रीय अनुशासन समितिले देहायबमोजिम कुनै एक सजायँको निर्णय गरी केन्द्रीय कार्यसमितिलाई जानकारी गराउनेछ ।

(क) सचेत गराउने ।

(ख) पार्टीको काम, कार्वाही गर्नबाट प्रतिबन्ध लगाउने ।

(ग) पार्टीको सदस्यता निलम्बनमा राख्ने ।

(घ) पार्टीको विभिन्न तहको पदमा निश्चित समयसम्म उम्मेदवारी दिन नपाउने ।

(ङ) पार्टीको सदस्यताबाट बढीमा ३ वर्ष सम्म निस्कासन गर्ने ।

(२) नियम ३६ को उपनियम (१) को खण्ड (क), (ख) (ग) र (घ) मा उल्लेखित सजायँ पाएको सदस्यले पुनः सोही कसूर गरेको ठहरेमा त्यस्तो सदस्यलाई अन्य कुनै उपयुक्त सजायँ गर्न वा पार्टी सदस्यताबाट समेत निष्काशन गर्न सकिनेछ ।

४५. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** (१) जिल्ला अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले चित्त नबुझेको व्यहोरा उल्लेख गरी पैतींस दिनभित्र केन्द्रीय अनुशासन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) केन्द्रीय अनुशासन समितिले गरेको निर्णयमा चित्त नबुझेको व्यहोरा उल्लेख गरी ३५ (पैंतीस) दिनभित्र केन्द्रीय कार्यसमिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(३) पुनरावेदन गर्ने म्याद सजायँ पाएको सदस्यले जिल्ला वा केन्द्रीय अनुशासन समितिको निर्णय सहितको प्रतिलिपि प्राप्त गरेको वा केन्द्रले त्यस सम्बन्धमा सूचना प्रकाशित गरेको मितिबाट प्रारम्भ भएको मानिनेछ ।।

(४) उपनियम (१) अनुसार परेको पुनरावेदनको किनारा सामान्यतः दुई महिनाभित्र केन्द्रीय अनुशासन समितिले गर्नेछ । उपनियम (२) अनुसार परेको पुनरावेदनको किनारा सामान्यतया तीन महिनाभित्र केन्द्रीय कार्यसमितिले गर्नेछ ।

(५) केन्द्रीय कार्यसमितिले पुनरावेदनको कारवाही र किनारा गर्ने प्रक्रिया केन्द्रीय कार्यसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) पुनरावेदन सम्बन्धी अन्तिम निर्णयको अभिलेख सम्बन्धित सदस्यको दर्ता किताबको कैफियत महलमा जनाई राखिनेछ ।

# परिच्छेद-१०
## कार्यालय सम्बन्धी व्यवस्था

**४६. केन्द्रीय कार्यालय सम्वन्धी व्यवस्थाः**

(१) नेपाली कांग्रेसको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ । केन्द्रीय कार्यसमितिले निर्णय गरी पार्टीको केन्द्रीय कार्यालय अन्यत्र सार्न सकिनेछ ।

(२) केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारीको नियुक्ति र हेरफेर केन्द्रीय सभापतिबाट हुनेछ । कर्मचारीको सेवा सुविधासम्बन्धी व्यवस्था पार्टीको निर्णयअनुसार हुनेछ ।

(३) पार्टीको सेवाबाट अवकास प्राप्त गर्ने कर्मचारीलाई पार्टीको केन्द्रीय कार्यसमितिले निर्णय गरेअनुसारको एकमुष्ट उपदान प्रदान गर्नेछ ।

**४७. मुख्य सचिव सम्वन्धि व्यवस्थाः**

(१) मुख्य सचिवको नियुक्ति सभापतिले गर्नेछ ।

(२) मुख्य सचिवको पदावधि केन्द्रीय सभापतिले चाहे अनुसार हुनेछ ।

(३) नेपाली कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव केन्द्रीय कार्यालयको प्रशासनिक प्रमुखको रुपमा रहनेछन र कार्यालयसंग सम्वन्धित दैनिक प्रशासनिक, आर्थिक, सुरक्षा लगायत अन्य सम्पूर्ण काम कारवाईको लागि जिम्मेवार र जवाफदेही हुनेछन ।

(४) मुख्य सचिव केन्द्रीय सभापति, महामन्त्री र सिंगो केन्द्रीय कार्यसमितिप्रति जवाफदेहि र उत्तरदायी हुनेछन । केन्द्रीय पदाधिकारी एवं सदस्यहरुलाई आवश्यक सूचना उपलव्ध गराउनु मुख्य सचिवको कर्तव्य हुनेछ ।

**४८. केन्द्रीय कार्यालयमा शाखा सम्बन्धी व्यवस्था:** (१) देहायबमोजिमको कामका लागि मुख्य सचिवको मातहतमा रहने गरी केन्द्रीय कार्यालयमा देहायबमोजिमका शाखाहरु रहनेछन् ।

(क) अभिलेख शाखाः सबै प्रकारको अभिलेख, घोषणापत्र, विधान, नियमावली, विज्ञप्ति, सूचना, आदिको रेकर्ड अद्यावधिक रुपमा राख्ने काम अभिलेख शाखाले गर्नेछ ।

(ख) प्रेस शाखाः दैनिक सूचना संकलन, कम्प्युटर, प्रेस, फोटोकपी मेशीन आदिको कार्य यस शाखाले गर्नेछ । केन्द्रीय कार्यालयकातर्फबाट जारी गर्नुपर्ने विज्ञप्ति तथा वक्तव्य प्रकाशनको व्यवस्था गर्नेछ ।

(ग) प्रशासन शाखाः केन्द्रीय कार्यालयको दैनिक प्रशासन, स्टोर, मर्मत, सुरक्षा र सम्भार आदि हेर्ने कार्य यस शाखाले गर्नेछ ।

(२) केन्द्रीय कार्यालयले पार्टीको दैनिक कार्यका अतिरिक्त केन्द्रीय कार्यसमितिबाट गठन भएका विभाग, समितिको कार्यहरुमा सहयोग गर्नुपर्नेछ । त्यस्ता कार्यका लागि मुख्य सचिवले आवश्यक व्यवस्था मिलाउने छ ।

# परिच्छेद-११
## विविध

४९. **आमन्त्रित सदस्य हुने:** (१) प्रत्येक जिल्लामा सो जिल्ला संग सम्वन्धीत केन्द्रिय कार्य समितिको सदस्य, पार्टीको तर्फबाट उम्मेदवार भई निर्वाचित सांसद तथा पछिल्लो संसदको निर्वाचनमा पार्टीको तर्फबाट उम्म्देवार भई हारेको व्यक्ति जिल्ला कार्यसमितिको स्थायी आमन्त्रित सदस्य रहनेछन् ।

(२) पार्टीको सवै तहका सभापतिले सम्वन्धीत कार्यसमितिमा आवश्यकता अनुसार वढीमा दश जना सम्म आमन्त्रित सदस्य आमन्त्रण गर्न सक्नेछ ।

५०. **अभिनन्दन र उत्साहवर्धन गरिने:** कुनै सदस्यले पार्टीको सिद्धान्त, नीति र कार्यक्रम अन्तर्गत जनताको सेवा र पार्टीको प्रतिष्ठा बढाउने काम गरेको, पार्टी आचार संहिताको परिपालन गरी जनतामा भिजेर श्रद्धा पाएको विशिष्ट स्थिति देखिएमा यस्ता सदस्य वा निकायको उचित अभिनन्दन र उत्साहबर्धनका लागि केन्द्रीय कार्यसमितिका समक्ष पार्टीका निकायले सिफारिस गर्न सक्नेछ । साथै स्थानीय तहमा समेत सम्मान तथा अभिनन्दन गर्न सकिनेछ ।

५१. **सांसदले निर्वाचनमा भाग लिन पाउने व्यवस्था:** पार्टी निकायमा पदेन सदस्य हुने सांसदले महाधिवेशनको प्रतिनिधि वा महासमितिको सदस्य पदको निर्वाचनमा सरिक हुँदा आफ्नो मतदाता नामावली भएको निर्वाचन क्षेत्र वा आफू उम्मेदवार भई निर्वाचित भएको क्षेत्रमध्ये कुनै एउटा क्षेत्रको निर्वाचनमा मात्र सरिक हुन पाउनेछ । यसको पूर्व जानकारी जिल्ला निर्वाचन समिति वा अधिकृत समक्ष दिनुपर्नेछ ।

५२. **वडा समितिको गठन प्रक्रिया:** गाउँ, नगर वा नगर वडा कार्यसमितिले वडा वा टोल समिति गठन गर्दा यथासम्भव विभिन्न भ्रातृसंस्थाहरुको प्रतिनिधिलाई समेत मनोनीत गर्नुपर्नेछ ।

५३. **क्षेत्रीय कार्यसमितिको विशेष व्यवस्था:** निर्वाचन क्षेत्र हेर फेर भई

क्षेत्रीय अधिवेशन नहुँदाको अवस्थामा विधान बमोजिम निर्वाचन नहुँदासम्म केन्द्रीय कार्यसमितिले तोकेको व्यक्तिको संयोजकत्वमा क्षेत्रीय कार्यसमिति गठन गर्नेछ ।

५४. **छाप:** विधानको धारा ४८ अनुसार पार्टीको विभिन्न निकायको छापको नमूना **अनुसूची - ८** मा दिए अनुसार हुनेछ ।

५५. **विधान संशोधन प्रस्तावको ढाँचा:** विधानको धारा ४६ अनुसार विधान संशोधनको प्रस्ताव गर्दा **अनुसूची - ९** मा दिइएको ढाँचामा प्रस्तुत गर्नुपर्नेछ ।

५६. **सूचना प्राप्त गरेको मानिने:** (१) नेपाली कांग्रेसका सदस्यहरुलाई पार्टीले अनुशासन सम्बन्धी कार्वाही गर्नु अघि सफाइको मौका दिन पठाइने सूचना सम्बन्धित सदस्य व्यक्तिलाई जहाँसुकै पनि बुझाउन सकिनेछ । सम्बन्धित व्यक्तिलाई नै बुझाउन नसकिने अवस्थामा त्यस्तो सदस्यको सदस्यता प्राप्त गर्दा उल्लेख गरेको ठेगानामा रजिष्ट्री गरी पठाइनेछ । त्यस्तो ठेगानामा रजिष्ट्री गरी पठाएको मितिले ३५ दिनभित्र सम्बन्धित सदस्य व्यक्ति उपस्थित हुनुपर्नेछ । त्यस्तो सूचनाको जनाउ सम्बन्धित जिल्ला समितिलाई पनि दिइनेछ । सूचनाको म्याद पठाएको ३५ दिनभित्र सम्बन्धित सदस्य व्यक्ति उपस्थित नभए पनि निजले सूचना पाएको मानिनेछ ।

(२) उपनियम (१) मा जे सुकै लेखिएको भए पनि अनुशासन समितिले आवश्यक देखेमा त्यस्तो व्यक्तिलाई सार्वजनिक सूचना प्रकाशित गरी उक्त सूचनामा म्याद तोकि उपस्थित हुन आउने गरी सूचना गर्न सक्नेछ ।

(३) कुनै सदस्यले सदस्यता प्राप्त गर्दाको ठेगाना परिवर्तन गरेको भए त्यस्तो परिवर्तन भएको मितिले ३५ दिनभित्र आफ्नो ठेगाना पार्टीलाई जानकारी दिई अभिलेखमा जनाउनुपर्नेछ ।

५७. **गणपूरक संख्या सम्बन्धी विशेष व्यवस्था:** नेपाली कांग्रेस पार्टीको केन्द्रीय विभाग तथा निकायहरुको बैठकका लागि त्यस्ता विभाग वा निकायका सदस्यमध्ये ३३ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

५८. **नियमावलीको व्याख्या, संशोधन तथा अनुसूचीमा थपघटः** (१) यो नियमावलीको अन्तिम व्याख्या केन्द्रीय कार्यसमितिले गर्नेछ । तर यस नियमावलीको व्याख्या गर्दा व्याख्या सम्बन्धी सामान्य सिद्धान्तको आधारमा गरिनेछ ।

(२) केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार यो नियमावलीमा संशोधन वा थपघट तथा यस नियमावली बमोजिम अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

(३) यो नियमावली तथा यस नियमावलीको कुनै नियम वा व्यवस्थालाई केन्द्रीय कार्य समितिले निर्णय गरी निलम्बन गर्न, खारेज गर्न वा संशोधन गर्न सक्नेछ ।

५९. **खारेजी र बचाउः** (१) नेपाली कांग्रेसको नियमावली, २०५८ लाई खारेज गरिएको छ ।

(२) नेपाली कांग्रेसको नियमावली, २०५८ बमोजिम भए गरेको काम, कार्यवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## नियमावलीमा उल्लेखित अनुसूचीहरू :-

अनुसूची - १ : साधारण सदस्यता प्रमाणपत्र नवीकरण ।
अनुसुची - २ : साधारण सदस्यको व्यक्तिगत विवरण ।
अनुसूची - ३ : क्रियाशील सदस्यता फारम ।
अनुसूची - ३(क): क्रियाशील सदस्यता नवीकरणका लागि आवेदन फारम
अनुसूची - ४ : क्रियाशील सदस्यताको प्रमाणपत्र ।
अनुसूची - ५ : क्रियाशील सदस्यताको दर्ता प्रमाणपत्र (क्षेत्रीय समिति र जिल्लाहरुमा राख्ने)
अनुसूची - ६ : क्रियाशील सदस्यता स्थानान्तरणको निवेदन ।
अनुसूची - ७ : क्रियाशील सदस्यता स्थानान्तरणको जानकारी ।
अनुसूची - ८ : पार्टीको छाप ।
अनुसुची - ९ : विधान संशोधन प्रस्तावको ढाँचा ।

अनुसुची -१

# नेपाली कांग्रेस

## साधारण सदस्यता प्राप्तिका लागि निवेदनपत्र र साधारण सदस्यताको प्रमाणपत्र

(नियम ३(१) र (३) सँग सम्बन्धित)

**नेपाली कांग्रेस**
**केन्द्रीय कार्यालय**

नियम ३ (१) अनुसार साधारण सदस्यता प्राप्तिका लागि निवेदन पत्र

क.सं. ... मितिः ... .... ... ... ...

श्रीमान् सभापतिज्यू,
... ... .... ... ... ... ... ... ... समिति ।
नेपाली कांग्रेस ।

विषयः साधारण सदस्यता पाउ ।

निवेदक जिल्ला ... ... ... ... ..., ... ... ... ... ... ... निर्वाचन क्षेत्र नं. ... गा.वि.स./न.पा ... ... ... ... ... ... ... ... ... ... ... वडा नं. ... टोल ... ... ... ... ... ... ... ... ... ... ... ... .... बस्ने ... ... ... ... ... ..., ... ... ... ... ... ... ... ... ... ... ..पेशामा संलग्न वर्ष ... को म ... ... ... .... ... ... .... ... ... .... ... .... ... नेपाली कांग्रेस पार्टीको विधान र नियमावली बमोजिम सदस्यताका लागि योग्य भएको आफूलाई ठानी पूर्ण निष्ठा र इमानदारीका साथ राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श एवं सिद्धान्तमा आस्था राख्दै पार्टीको विधान र अनुशासन पालना गर्न मञ्जूर भइ शुल्क रु. १०/- (दश) बुझाई साधारण सदस्यता पाउन/नवीकरणका लागि यो निवेदन पेश गर्दछु ।

निवेदन लिने अधिकारीको सही केन्द्रीय सभापति निवेदकको सही

**नेपाली कांग्रेस**
**केन्द्रीय कार्यालय**

नियम (३) ३ अनुसार साधारण सदस्यताको प्रमाणपत्र

क.सं. ... मितिः ... ...

जिल्ला :.............
निर्वाचन क्षेत्र नं. :...........
गा.वि.स./न.पा. :............
वडा नं. :...............

टोल ... ... ... ... ... ... बस्ने वर्ष ... को तपाईं श्री ... ... ... ... ... .... ... ... ... ... ... ले राष्ट्रियता, लोकतन्त्र र समाजवादमा आस्था एवं विश्वास राखी पार्टीको विधान र अनुशासनभित्र रही काम गर्न मञ्जूर गरेकाले शुल्क रु. १० (दश) लिई नेपाली कांग्रेसको विधान, २०१७ (संशोधित र परिमार्जित) अनुसार साधारण सदस्यता प्रदान गरिन्छ/नवीकरण गरिन्छ ।

सदस्य बन्नेको सही केन्द्रीय सभापति सदस्यता प्रदान गर्ने अधिकारीको सही

अनुसूची - २

**नेपाली कांग्रेस**

**साधारण सदस्यको नामावली दर्ता किताब**

(नियम ४(२) सँग सम्बन्धित)

... ... ... ... ... ... ... .... गाउँ/नगर, नगर वडा कार्यसमितिको कार्यालय,

क्षेत्र नं. ... ... जिल्ला ... .... ... ... ... ... ।

| क्र.सं. | सदस्यता नं. | सदस्यता लिएको मिति | साधारण सदस्यको पूरा नाम, थर | बाबु/पतिको नाम, थर | पूरा ठेगाना | उमेर | पेशा | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनुसूची - ३

## नेपाली कांग्रेस

## क्रियाशील सदस्यता प्राप्तिका लागि आवेदनपत्र

(नियम ५(१) सँग सम्बन्धित)

फोटो

क्रम संख्या : ... ... ...

१. म (नाम) ... ... ... ... .... ... .... .... .... ... .... ... पूर्ण निष्ठा र इमानदारीपूर्वक राष्ट्रियता, लोकतन्त्र, समाजवादका आदर्शप्रति समर्पित रहँदै बहुलवाद सहितको बहुदलीय लोकतन्त्र तथा संसदीय शासन प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण र गतिशील समाजको निर्माण गरी सामाजिक, राजनैतिक तथा आर्थिक विकास गर्ने पुनीत उद्देश्यले पार्टीको विधान र अनुशासन पालना गर्न मञ्जुर भई रु. २००/- (दुई सय) शुल्क यसैसाथ राखी क्रियाशील सदस्यता पाउन निम्न विवरण खोली निवेदन गर्दछु । पार्टीको विधान र नियमावली बमोजिम पार्टी सदस्यताका लागि अयोग्य हुने कुनै अवस्था नरहेको विषयमा पनि जानकारी गराउँदछु ।

मिति : ... ... ... .

......................
निवेदकको सही

२. **व्यक्तिगत विवरणः-**

२.१. पूरा नाम, थरः ... ... ... ... ... ... ... ... ... ... ... ...

२.२. बाबु/आमा/पति/पत्नि, को नाम, थरः ... ... ... ... ... ... ...

२.३. ठेगाना : ... ... ... ... जिल्ला, निर्वाचन क्षेत्र नं. ...,
गा.वि.स./न.पा. ... ... ... ... ... ... ... ..., वडा नं. ...
टोल : ... ... ... ... ... ... ... ... ...टेलिफोन/मोवाइल
.............................. इमेल : ..............................

२.४. उमेर ... ... वर्ष, लिङ्ग ... ... ... ... ... ..., जात ... ... ... ... ...
..., धर्म ... ... ... ..., भाषा ... ... ... ... ...पेशा ... ... ... ... ...
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

२.५.परिवार संख्याः बाबु, आमा/श्रीमती ... .. ... ... ..., छोरा ... ... छोरी ... ... अन्य ... ... ... ... ...

२.६.शैक्षिक योग्यता : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

## ३. <u>आर्थिक स्थितिको विवरण (घर, जमिन कुन कुन जिल्लामा छ ? (पेशा र आर्थिक आय समेत):-</u>

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

## ४. <u>राजनीतिक विवरणः-</u>

४.१. पार्टीको साधारण सदस्य बनेको मिति : ... ... ... ... ... ... ... ...

४.२. भ्रातृ संस्था वा शुभेच्छुक संस्थाको सदस्य बनेको मिति : ... ... ...

४.३.नेपाली काँग्रेसको कार्यक्रममा संलग्न रहेको कारणले भोगेको यातना, जेल र निर्वासन आदिको विवरण :

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

४.४.विकास निर्माण र सामाजिक तथा रचनात्मक काममा संलग्न रहेको विवरण :

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

४.५.संसद् वा स्थानीय निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवारलाई विजय गराउन सक्रिय रहेको विवरण :

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

४.६.नेपाली काँग्रेसमा विलय भएको पार्टीको सदस्य भए त्यसको विवरण :

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

४.७.पार्टीको विभिन्न तहका कार्यक्रममा सहभागी भएको विवरण :

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

४.८.पार्टीलाई सक्षम, सबल र सुदृढ सङ्गठन बनाउन अन्य उल्लेखनीय योगदानको विवरण :

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

५. उपर्युक्त विवरण ठिक साँचो हो । निवेदक श्री/श्रीमती/सुश्री ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... लाई क्रियाशील सदस्यता प्रदान गर्न योग्य ठहऱ्याई ... ... ... ... ... ... ... .... ... ... गाउँ/नगर, वडा ... नगर कार्यसमितिले मिति ... ... ... ... ... ... ... .... ... ... ... मा गरेको निर्णय अनुसार क्रियाशील सदस्यता प्रदान गर्न प्रस्ताव गर्दछु ।

... .... ... ...

सभापति

... ... ... ... ... ... ... .... ... ... गाउँ/नगर वडा/नगर कार्यसमिति

मिति : ... ... ... ... ... ...

कार्यालयको छाप :

६. ... ... ... ... ... गाउँ/नगर वडा/नगर कार्यसमितिले प्रस्ताव गरेको श्री/श्रीमती/सुश्री ... ... ... ... ... ... ... .... ... ... लाई क्रियाशील सदस्यता दिन सिफारिस दिने भनी क्षेत्रीय कार्यसमितिले मिति ... ... ... ... ... मा गरेको निर्णयलाई प्रमाणित गर्दछु ।

..............................

सभापति

क्षेत्र नं. ..., क्षेत्रीय कार्यसमिति

... ... ... ... ... ... जिल्ला ।

मिति : ... ... ... ... ... ...

कार्यालयको छाप :

७. ... ... ... ... ... ... जिल्ला निर्वाचन क्षेत्र नं. ... को क्षेत्रीय कार्यसमितिले सिफारिस गरेका श्री/श्रीमती/सुश्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई क्रियाशील सदस्यता दिन अनुमोदन गर्ने भनी जिल्ला कार्यसमितिले मिति ... ... ... ... ... ... मा गरेको निर्णयलाई प्रमाणित गर्दछु ।

... ... ... ... ... ...

सभापति

... ... ... ... ... ... जिल्ला कार्यसमिति ।

मिति : ... ... ... ... ... ...

कार्यालयको छाप :

८. उपयुंक्त विवरण बमोजिमका श्री/श्रीमती/सुश्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई क्रियाशील सदस्यता दिन रीतपूर्वक प्रस्ताव,

सिफारिस र अनुमोदन भई आएकोले नेपाली काँग्रेसको विधान, २०१७ (संशोधित र परिमार्जित) को धारा ४ को उपधारा (४) अनुसार क्रियाशील सदस्यता दिन उपयुक्त देखिएकाले स्वीकृति प्रदान गरिन्छ ।

... ... ... ... ... ...

सभापति/महामन्त्री

मिति :... ... ... ... ... ...

केन्द्रीय कार्यालयको छाप :

*टिप्पणीः प्रत्येक फाराममा एक एक प्रति अटो साइजको फोटो टाँस्नु पर्नेछ र थप एक प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ ।*

अनुसूची - ३ (क)

## नेपाली कांग्रेस

## क्रियाशील सदस्यता नवीकरणका लागि आवेदनपत्र

नियम ५(६) सँग सम्बन्धित

क्रम संख्या : ... ... ... ... ... ...

१. म (नाम) ... .. ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... पूर्ण निष्ठा र इमानदारीपूर्वक राष्ट्रियता, लोकतन्त्र, समाजवादका आदर्शप्रति समर्पित रहँदै बहुलवाद सहित बहुदलीय लोकतन्त्र तथा संसदीय शासन प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण र गतिशील समाजको निर्माण गरी सामाजिक, राजनैतिक तथा आर्थिक विकास गर्ने पुनीत उद्देश्यले पार्टीको विधान र अनुशासन पालना गर्न मञ्जुर भई रु. १००/- (एक सय) शुल्क यसैसाथ राखी क्रियाशील सदस्यता नवीकरण गरी पाउन निम्न विवरण खोली निवेदन गर्दछु । पार्टीको विधान र नियमावली बमोजिम पार्टी सदस्यताका लागि अयोग्य हुने कुनै अवस्था नरहेको विषयमा पनि जानकारी गराउँदछु ।

पार्टीको विधान र नियमावली वमोजिम मेरो क्रियाशील सदस्यताको निरन्तरता कायम रहेको व्यहोरासमेत अवगत गराउँदछु ।

विवरण:

क्रियाशील सदस्यताको प्रमाणपत्र क्र.सं. ... ... ...,
नाम ... ... ... ... ... ... ... ... ... ... ... ... , लिङ्ग ... ... हालको उमेर ... ... .. वर्ष, जिल्ला ... ..... ..... ... ... निर्वाचन क्षेत्र ...... ..., गा.वि.स./न.पा. ... . ... ........, वडा नं. ... ..., टोल ... ............ टेलिफोन/मोवाइल ... .................. इमेल .......................

पहिलो पटक क्रियाशील सदस्यता प्राप्त गरेको मितिः ... ... ... ... ...

क्रियाशील सदस्यता प्राप्त मिति वा पछिल्लो नवीकरण मितिदेखि यता आफूले गरेका राजनैतिक, सामाजिक कार्यहरुको विवरण : ... ... ... ...

… … … … … … … … … … … … … …… … … … … … …

… … … … … … … … … … … … … … … … … …… … … …

… … … … … … … … … … … … … … … … … …… … …

…………………

निवेदकको सही

मितिः … … … … … …

प्रस्ताव गर्ने
… … … … … …
(सभापति)
… … … … गाउँ/नगर/नगर वडा कार्यसमिति, वडा नं. …

मितिः… … … … … …

कार्यालयको छाप :

सिफारिस गर्ने
… … … … … …
(क्षेत्रीय सभापति)
क्षेत्र नं. …
… … … … … … जिल्ला

मितिः … … … … … …

कार्यालयको छाप :

नवीकरण गर्ने
(सभापति)
… … … … … … जिल्ला कार्यसमिति ।

मितिः … … … … … …

कार्यालयको छाप :

*टिप्पणीः यो फाराम प्रस्तुत गर्दा आफ्नो क्रियाशील सदस्यताको प्रमाणपत्र समेत प्रस्तुत गर्नुपर्दछ ।*

अनुसूची - ४

**नेपाली कांग्रेस**

**क्रियाशील सदस्यताको प्रमाणपत्र**

(नियम ५ (४) सग सम्बन्धित)

## नेपाली कांग्रेस

## क्रियाशील सदस्यता

**बाह्रौं महाधिवेशन**

## प्रमाण–पत्र

नम्बर :

नाम : ...........................................................................................

जिल्ला : ................................................... क्षेत्र नं..: ...............

गा.वि.स./न.पा. ......................................... वडा नं. : ..........

हस्ताक्षर :

..................

सभापति

**क्रियाशील सदस्यता सम्बन्धमा अन्य कुनै कुरा उल्लेख गर्नु परेमा**

जिल्ला सभापतिको नामः

हस्ताक्षरः

मिति :

श्री ................................................ ले राष्ट्रियता, लोकतन्त्र र समाजवादमा अटुट आस्था एवं विश्वास राखी पार्टीको विधान र अनुशासनभित्र रही काम गर्नुभएकाले नेपाली कांग्रेसको विधान,२०१७ (संशोधित र परिमार्जित) को धारा ४(४) अनुसार क्रियाशील सदस्यता प्रदान गरिन्छ ।

............
सभापति

| **क्रियाशील सदस्यता नवीकरण गरेको विवरण** | | |
|---|---|---|
| मिति | नवीकरण गर्नेको हस्ताक्षर | कार्यालयको छाप |
| | | |
| | | |

अनुसूची - ५

**नेपाली कांग्रेस**

**क्रियाशील सदस्यको नामावली दर्ता किताब**

(नियम ५ (१२) सग सम्बन्धित)

… … … … … … गाउँ/नगर वडा, नगर कार्यसमितिको कार्यालय,

क्षेत्र नं. …, जिल्ला … … … … … …

| क्र. सं. | सदस्यता नम्बर | क्रियाशील सदस्यको पूरा नाम, थर | बाबु/पतिको नाम, थर | पूरा ठेगाना | उमेर | पेशा | लिङ्ग | पहिलो पटक क्रियाशील सदस्य बनेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनुसूची - ६

**नेपाली कांग्रेस**

**ठाउँ सारी निवेदन**

(नियम ८ (१) सँग सम्बन्धित)

श्री सभापति,

... ... ... ... ... ... गाउँ/नगर वडा/नगर कार्यसमितिको कार्यालय, नेपाली काँग्रेस ।

विषयः **ठाउँ सारी सम्बन्धमा ।**

त्यस समितिको अभिलेखमा रहेको पार्टी सदस्यतासम्बन्धी मेरो विवरण तपसिलका विवरण अनुसारको ठाउँमा पठाइ त्यहाँ रहेको अभिलेखबाट मेरो नाम हटाई सम्बन्धित सबै ठाउँमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु ।

मितिः ... ... ... ... ... ...

हस्ताक्षर : ... ... ... ... ..

नाम : ... ... ... ... ... ... ... ... ... ... ... ...

साधारण सदस्यता : ... ... ... ... ... ...

क्रियाशील सदस्यता क्रमसंख्या : ... ... ... ... ... ...

साविकको ... ... ... ... ... ... गाउँ/नगर वडा/नगर कार्यसमिति, क्षेत्र नं .. ... ... ... ... ... जिल्ला ।

हाल सदस्यता सार्न चाहेको ठाउँ

... ... ... ... ... ... जिल्ला

क्षेत्र : .......

..............................................गाउँ/नगर वडा, नगर कार्यसमिति

वडा नं. : ........................ टोल ...........................

बोधार्थ तथा कार्यार्थः

श्री सभापति,

.. ... ... ... ... ... जिल्ला समितिको कार्यालय

नेपाली कांग्रेस ।

अनुसूची - ७

**नेपाली कांग्रेस**

**ठाउ सरेको जनाउ**

नियम ८(२) सँग सम्बन्धित

**श्री सभापति**

… … … … … … जिल्ला कार्यसमितिको कार्यालय, नेपाली कांग्रेस ।

यस गाउ/नगर वडा/नगर कार्यसमितिको वडा नं. … मा रहेको तपसिलका सदस्यको पार्टी सदस्यता सम्बन्धी विवरण यसै साथै पठाइएको छ । त्यस समिति र सम्बन्धित मातहतका निकायमा सो विवरण पठाई अभिलेख राख्नका लागि अनुरोध गर्दछु । निजको यस समितिमा रहेको अभिलेख समेत कट्टा भएको व्यहोरा जानकारी गराउदछु ।

| सदस्यता रहेको साविक स्थान | हाल ठाउ सारी गर्न चाहेको स्थान | |
|---|---|---|
| वडा नं. … गाउ/नगर … … … | वडा नं. … गाउ/नगर … … … … | हस्ताक्षर : … … … … … … |
| क्षेत्र नं. … जिल्ला … … … … … | क्षेत्र नं. … जिल्ला … … … … … | नाम : … … … … … … … … … … … … जानकारी गराउने अधिकारी |
| | | गाउँ/नगरवडा/नगर समिति/क्षेत्र नं./जिल्ला |
| | | मिति … … … … … … |

| क.सं | साधारण/क्रियाशील सदस्यता नम्बर | साधारण/क्रियाशील सदस्यको पूरा नाम, थर | बाबु/पतिको नाम, थर | पूरा ठेगाना | उमेर | पेशा | लिङ्ग | पहिलो पटक क्रियाशील सदस्य बनेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

बोधार्थ तथा कार्यार्थ

१. श्री सभापति,

… … … … … … गाउँ/नगर वडा नं. …, नगर वडा/कार्यसमितिको कार्यालय,

… … … … … जिल्ला, नेपाली कांग्रेस ।

२. निवेदकः श्री … … … … … …… … … … … …… … … … … …… … … … … … ।

<u>अनुसूची - ८</u>

## नेपाली कांग्रेस

## विभिन्न निकायको छापको नमूना

(नियम ५४ सग सम्बन्धित)

छापको नमूना



## अनुसुची - ९
## नेपाली कांग्रेस
## (विधान संशोधन गर्ने प्रस्ताव प्रस्तुत गर्ने ढाचा)
## (नियम ५५ सँग सम्बन्धित)

मिति : ... ... ... ... ... ...

श्रीमान् सभापतिज्यू,
नेपाली कांग्रेस ।

नेपाली कांग्रेसको विधान, २०१७ (संशोधित र परिमार्जित) लाई संशोधन गर्नु आवश्यक देखिएकोले निम्न बमोजिमको संशोधन प्रस्ताव प्रस्तुत गरेका छौं ।

| क्रम संख्या | संशोधन धारा वा उपधारा | हाल भएको व्यहोरा | संशोधनको व्यहोरा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | | |

**प्रस्तावक (महाधिवेशन प्रतिनिधिहरू)**

| क.सं. | नम | क्षेत्र नं. | जिल्ला | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |

**समर्थक (महाधिवेशन प्रतिनिधिहरू)**

| क.सं. | नाम | क्षेत्र नं. | जिल्ला | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |

